# लेखापरीक्षण प्रतिवेदन

## बाग्लुङ नगरपालिका, बाग्लुङ

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बाग्लुङ नगरपालिका, बाग्लुङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/824

मिति : २०८३-१-३०

श्रीमान् प्रमुखज्यू,
बाग्लुङ नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, बाग्लुङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/824

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान् प्रमुखज्यू ,

बाग्लुङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बाग्लुङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पालिकाबाट पेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको रु.३ अर्ब ४९ करोड ३५ लाख २४ हजारको लेखापरीक्षण गरिएकोमा रु.१ करोड ३१ लाख ८३ हजार (०.३८ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.६ लाख ५२ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.१ लाख ३९ हजार, नियमित गर्नुपर्ने रु.६४ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.५९ लाख ४३ हजार रहेको छ। गत वर्षसम्म रु.३२ करोड ६८ लाख ८६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३३ करोड ५९ लाख ०५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १३७ | २४१ | १,३१,८२,७७१ | ० | ३६ | ६,५२,५०८ | ० | १३७ | २०५ | १,२५,३०,२६३ | १,३९,०८४ | ६४,४७,८५० | ५९,४३,३२९ | ० | ० | १,२३,९१,१७९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | ३२,६८,८६,४७२ | ० | ३५,१२,११९ | ३२,३३,७४,३५३ | ० | १,२५,३०,२६३ | ३३,५९,०४,६१६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| **प्रारम्भिक प्रतिक्रियाबाट सम्परीक्षण** | | | |
| १ | २०८१/८२ | स्वास्थ्य तर्फः | २१,६०० |
| २ | २०८१/८२ | सामाजिक सुरक्षा भत्ता वितरण तर्फः | १,५३,४१७ |
| ३ | २०८१/८२ | शिक्षा तर्फः | २,०७,३१० |
| ४ | २०८१/८२ | लागत अनुमान भन्दा बढी भुक्तानीः | ९,५३३ |
| ५ | २०८१/८२ | बढी भ्रमण खर्च भुक्तानीः | ७,२०० |
| ६ | २०८१/८२ | बढी भुक्तानी : | १२,००० |
| | | | |

| | | | |
|---|---|---|---|
| ७ | २०८१/८२ | गलुवा भकुण्डे सडकको रनिङ बिल भुक्तानीः | २३,७३६ |
| ८ | २०८१/८२ | गरिबी निवारणको लागि लघुउद्यम कार्यक्रमः | १,२९८ |
| ९ | २०८१/८२ | कार्यक्रम खर्च परीक्षणः | १,२५,३४३ |
| १० | २०८१/८२ | कानूनी सल्लाहाकारको भुक्तानी : | ७९,५१४ |
| ११ | २०८१/८२ | आन्तरिक आय परीक्षण : | ११,५५७ |
| जम्मा(क) | | | **६,५२,५०८** |
| **गतवर्षहरूको सम्परीक्षण** | | | |
| १२ | २०८०/८१ | शिक्षा तर्फः | ८,५०० |
| १३ | २०८०/८१ | पेश्की बाँकीः | २२,४७,६०० |
| १४ | २०८०/८१ | पुँजीगत तर्फ: | १,८९,३७३ |
| १५ | २०८०/८१ | खर्चको पुष्ट्याईं | २२,१४८ |
| १६ | २०७८/७९ | पेश्की फस्योंट | ३,२५,००० |
| जम्मा(ख) | | | **२७,९२,६२१** |
| **NAMS प्रणालीभन्दा बाहिरको सम्परीक्षण** | | | |
| १७ | २०७६/७७ | सडक बत्ती जडान | १,००,००० |
| १८ | २०७५/७६ | समिति बाहिरको बैठक भत्ता | १०,२०० |
| १९ | २०७४/७५ | अनुपातिक रकम कट्टी नगरेको | ६,०९,२९८ |
| जम्मा(ग) | | | **७,१९,४९८** |
| **कुल जम्मा(क+ख+ग)** | | | **४१,६४,६२७** |

# बाग्लुङ नगरपालिका, बाग्लुङ

# ( ८०४४५४०४३०० )

# बाग्लुङ नगरपालिका , बाग्लुङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उदेश्य रहेको छ । यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल ९८.०१ वर्ग किलोमिटर ५८१०२ जनसंख्या तथा १५९९४ परिवार संख्या र १२९४२ घरधुरी रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।२८ देखि २०८२।०९।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको यसवर्ष आय-व्यय तर्फ रु.३ अर्ब ४९ करोड ३५ लाख २५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन् ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा देहायबमोजिमको रु. १,७३,९८५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पारीश्रमिक कर | १३०० |
| २ | सामाजिक सुरक्षा फिर्ता | १७२६८५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय बिश्लेषण तर्फ:**

२.१ **वित्तीय प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छ भने स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरु मौज्दात** | | ५२७९८१६७.३४ | **चालु खर्च** | | ७२७०८८१०४.३१ |
| १.संचित कोष | ३१४७३८२१.९० | | १. पालिका तर्फ | २१३४२२३९५.१७ | |
| २.धरौटी | १६८९०९७५.९५ | | २. संघीय सशर्त | ५१३६६५७०९.१४ | |
| ३.कार्यसञ्चालन कोष | ४४३३३६९.४९ | | ३. संघीय विशेष | | |
| ४. अन्य कोष | | | ४. प्रदेश सशर्त | | |
| **यस वर्षको आय** | | १३९८९२५८४९.६४ | ५. प्रदेश विशेष | | |
| **१.आन्तरिक आय** | ६९६९५७०५.९३ | | **पुँजीगत खर्च** | | ६७७४४४१९५.४५ |
| **राजश्व बाँडफाट स्थानीय** | १५०५१३६९.०० | | | | |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | | **१. पालिका तर्फ** | १७६७६६९९२.४५ | |
| क) समानीकरण अनुदान | १४५६२३१२०.०० | | **२. संघीय सशर्त** | ४५९८४४१०६.०० | |
| ख) राजस्व बाँडफाँट | ११७०२४९७२.३३ | | **३. संघीय विशेष** | | |
| ग) .सशर्त अनुदान | ९७३५०९८१५.१४ | | ४. संघीय समपुरक | ३३९६७४९७.०० | |
| घ.) समपुरक अनुदान | ३३९६७४९७.०० | | ५. प्रदेश सशर्त | | |
| ङ) विशेष अनुदान | | | ६. प्रदेश विशेष | २८५३०००.०० | |
| च) रोयल्टी | | | ७. प्रदेश समपुरक | ४०१२६००.०० | |
| छ) अन्य | | | अन्तर सरकारी अख्तियारी (संघ) | | ३०५९३५८६४.०० |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | | क) सामाजिक सुरक्षा | २९२४०५०३०.०० | |
| क) समानीकरण अनुदान | २२६७६०००.०० | | स्वास्थ्य क्षेत्र सुधार र घरेलु तथा साना उद्योग प्रवर्द्धन | २१८०८३३.०० | |
| ख) राजस्व बाँडफाँट | १४५११७७०.२४ | | एकिकृत स्वास्थय पूर्वाधार | ११३५०००१.०० | |
| ग) सशर्त अनुदान | | | अन्तर सरकारी अख्तियारी | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (प्रदेश) | | |
| घ.) समपुरक अनुदान | ४०१२६००.०० | | ऋण फिर्ता(साँवा) | | ८७०००००.०० |
| ङ) .विशेष अनुदान | २८५३०००.०० | | **ऋणको ब्याज भुक्तानी** | | |
| | | | **धरौटी फिर्ता तथा सदर स्याहा** | | ६०१०६५४.८० |
| | | | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | | १८१०६८८३.६७ |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | | **अन्य कोषबाट भएको खर्च** | | |
| क) सामाजिक सुरक्षा | | २९२४०५०३०.०० | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | |
| स्वास्थ्य क्षेत्र सुधार र घरेलु तथा साना उद्योगप्रवर्द्धन | | २१८०८३३.०० | **अन्य सहयोगमा सञ्चालित योजना** | | |
| एकिकृत स्वास्थय पूर्वाधार | | ११३५०००१.०० | **अन्य खर्च भएमा** | | |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | **अनुदान फिर्ता** | | |
| **६. ऋण/ वित्तीय व्यवस्था** | | | १. संघ तर्फ | | |
| **७. धरौटी आय** | २७००३२७६.२५ | २७००३२७६.२५ | क) सशर्त अनुदान | | |
| **८. कार्यसञ्चालन कोष आय** | १८०९५२६.९५ | १८३७४०६६.९५ | ख) विशेष अनुदान | | |
| **९. अन्य कोषको आय** | | | ग) समपुरक अनुदान | | |
| **१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | | **२. प्रदेश तर्फ** | | |
| **११. अन्य सहयोगमा प्रास सञ्चालित योजना** | | | क) सशर्त अनुदान | | |
| **१२. अन्य आय भएमा** | | | ख) विशेष अनुदान | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ग) समपुरक अनुदान | | |
| | | | **अन्तिम मौज्दात** | | ५९७५१५२१.९५ |
| | | | १. संचित कोषको मौज्दात | १७१६७३७१.७८ | |
| | | | २. धरौटी | ३७८८३५९७.४० | |
| | | | ३. कार्यसञ्चालनकोष | ४७००५५२.७७ | |
| | | | ४. अन्यकोष | | |
| **जम्मा** | | **१८०३०३७२२४.१८** | **जम्मा** | | **१८०३०३७२२४.१८** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थताः** नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चीत कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। नगरपालिकाले ज्येष्ठ नागरिक सम्मान र सामाजिक सुरक्षा कार्यक्रमको रु. २९२४०५०३०, स्वास्थ्य सुधार कार्यक्रमको रु. २१२४१२८०, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्रको रु. ६३९५५३, एकीकृत स्वास्थ्य पूर्वाधार विकासका रु. ११३५०००१ सहित जम्मा रु. ३२५६३५८६४ सुत्रमा लेखाङ्कन गरेको छैन।

| कार्यक्रमहरु | रकम रु |
|---|---|
| स्वास्थ्यक्षेत्र सुधार ( ३७०००११४३ ) | १०३६७८४४ |
| स्वास्थ्यक्षेत्र सुधार ( ३७०००११४४ ) | १०८७३४३६ |
| घरेलुतथा साना उद्योग प्रवर्द्धन केन्द्र | ६३९५५३ |
| सामाजिकसुरक्षा तथा संरक्षण | २९२४०५०३० |
| एकिकृतस्वास्थ्य पूर्वाधार विकास | ११३५०००१ |
| **जम्मा आय** | ३२५६३५८६४ |

२.३ **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १७१६७३७१.७८ | १७१६७३७१.७८ | - |
| विविध खर्च खाता | २८६६४९५.४३ | २८६६४९५.४३ | - |
| विपद व्यवस्थापन खाता | ४०११२२.७७ | ४०११२२.७७ | -- |
| आकश्मिक कोष खाता | २५०००.०० | २५०००.०० | - |
| धरौटी | ३७८८८३५९७.४० | ३७८८८३५९७.४० | - |
| विविध कोष खाता | १४०७९३४.५७ | १४०७९३४.५७ | - |
| **जम्मा** | **५९७५१५२१.९५** | **५९७५१५२१.९५** | |

पालिकाले म.ले.फा.नं.२१२ तयार गरी स्रेस्ता र बैङ्कबीच फरक नदेखिएकाले समयमा नै हिसाब मिलान गर्ने कार्यलाई निरन्तरता दिनु पर्दछ।

२.४ **खर्च विश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ६९२६०२४७, अ.ल्या. रु. ३१४७३८२१, राजस्व बाँडफाँट रु. १४६५८८११२, प्रदेश अनुदान रु. २९५४१६०० र संघीय अनुदानबाट रु. ११५३१००४३२ समेत रु. १४२९९६४२१२ आम्दानी भएकोमा चालु तर्फ रु. ७२७०८८१०५ र पूँजीगत तर्फ रु. ६७७४४४१९६ तथा वित्तीय व्यवस्थापनको रु. ७८००००० समेत रु. १४१३२३२३०० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.९ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु. १६३५१८४४ खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा २३.६० प्रतिशत बढी रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान ११८२७४२०३२ र राजस्व बाँडफाँटको १४६५८८११२ रकमबाट ५५ प्रतिशत चालु र ४५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

२.५ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

रु. हजारमा

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिना |
| १ | पूँजीगत | ६७७४४४ | ८३८३४ | ९२६३४ | १८९८०४ | ३११९७२ | १७६२४२ |
| | प्रतिशत | १००% | १२.३७% | १३.६८% | २८.०२% | ४५.९३% | २६.०२% |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक खर्च भएको कुल रकममध्ये प्रथम त्रैमासिकमा १२.३७ प्रतिशत, दोश्रो त्रैमासिकमा १३.६८ प्रतिशत, तेश्रो त्रैमासिकमा १८.०२ प्रतिशत र चौथो त्रैमासिकमा ४५.९३ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र २६.०२ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा १२.३७ खर्च भएको देखियो। यो रकममा गत विगत वर्षको भुक्तानी दिन बाँकीको भुक्तानी पनि दिएको देखिन्छ। असार महिनामा मात्र २६.०२ प्रतिशत खर्च भएको देखिएकोले वर्षान्तको अन्तमा खर्च गर्ने परिपाटीमा सुधार भएको देखिदैन। खर्च गर्ने अख्तियारी समयमा नै प्राप्त हुँदा समेत वर्षको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीलाई सुधार गर्नुपर्दछ।

२.६ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी बराबर यस वर्षको प्राप्ति रु. ३७१०१३२०७.२०, यस वर्षको भुक्तानी रु. ३४९७५३४०.२४ र बैङ्क मौज्दात बराबर परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ५२७९८१६७.३४ | १३९८९२५८४९.६४ | १४१३२३२२९९.७६ | ५९७५१५२१.९५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५२७९८१६७.३४ | १७६९९३९०५६.८४ | १७६२९८५७०२.२३ | ५९७५१५२१.९५ |
| फरक | ० | ३७१०१३२०७.२० | ३४९७५३४०.२४ | ० |

२.७ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको प्रतिवेदन अनुसार रु. ५२७९८१६७ मौज्दात रहेकोमा यो वर्ष रु. ५२७९८१६७ जिम्मेवारी सरेको छ।

## ३ बजेट तथा कार्यक्रम तर्फ :

३.१ **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपप्रमुख राजु खड्काले मिति २०८१/०३/०९ गते १ अर्ब ७४ करोड ५८ लाख ४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा अर्ब १ अर्ब ७४ करोड ५८ लाख ४ हजारको बजेट मिति २०८१।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने कार्यलाई निरन्तरता दिनुपर्दछ।

३.२ **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा बजेट नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष मर्मत आकस्मिक योजना कायान्वयनमा रु. १८००००० अबण्डा बजेट व्यवस्था गरी २५ योजनामा रु. ६९२५३९२ खर्च गरेको छ। सामुदायिक भवन रु. ९९२९६, वडा कार्यालय व्यवस्थापन रु. १३६२२३, सडक बत्ती जडान रु. ११९६७६२, पार्कको झण्डा रु. ३४७३९९, बसपार्कको नाली निर्माण रु. ४८६६९५ लगायतका कार्यपालिका निर्णय अनुसार गरेको पाइएको। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ।जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन।तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतीमा आधारित बनाउनुपर्दछ।

३.३ **रकमान्तर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयवाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पूंजिगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ। साथै पालिकाको विनियोजन ऐन, २०८१ को दफा ३ मा कार्यपालिकाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सक्ने तर पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्चमा रकमान्तर गर्न नसकिने व्यवस्था छ। नगरपालिकाले यस वर्ष विभिन्न १३७ शीर्षकबाट १३ करोड ८ लाख ३० हजार

घटाएको तथा १३९ शीर्षकबाट १३ करोड ८ लाख ३० हजार बजेट थप गरिएको देखिन्छ। यसरी बजेट रकमान्तर गरिएको अंक सुरुवाती बजेटको तुलनामा १५% हुने देखिन्छ। रकम थप गरिएका योजनाहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ। कानूनले तोकेको भन्दा बढी मात्रामा रकमान्तर गर्दा बजेट उपशीर्षकअनुसार खर्च नभएको तथा बजेट खर्च लेख्दा तोकीएको खर्च शीर्षकभन्दा अन्य खर्च शीर्षकबाट भुक्तानी लेखिएको देखिन्छ। वर्षान्तमा ठुलो मात्रामा रकमान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुन सक्ने हुँदा बजेट बनाउदा नै कार्यन्वयनयोग्य योजनाको छनौट गरी सोही अनुसार बजेट खर्च लेख्ने तथा कानूनले तोकेअनुसार मात्र रकमान्तर तथा श्रोतान्तर गर्नुपर्दछ।

३.४ **योजना तथा बजेट कार्यान्वियन : यसवर्ष पालिकामा योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।**

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको छैन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरेको पाईएन।

• पालिकाले यस वर्ष धेरैजसो योजनाहरुको अनुगमन प्रतिवेदन नराखी भुक्तानी गरेको छ ।

• पालिकाले दीर्घकालिन लाभ हुने र धेरै जनसङ्ख्या लाभान्वित हुने खालका योजना तर्जुमा गरी कार्यन्वयनमा लगेको देखिएन ।

• पालिकाले योजना तर्जुमा गर्दा स-साना योजनाहरु धेरै बनाएको देखिन्छ।

• पालिकाले दिगो विकासका अन्तराष्ट्रिय लक्ष्यहरुलाई आन्तरिकीकरण गर्न प्रयास गरेको देखिएन।

३.५ **क्षेत्रगत कार्यक्रम तथा खर्च विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार अनुगमन गर्नुपर्दछ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत | खर्च प्रतिशत |
|---|---|---|---|---|
| आर्थिक विकास | ५,८४,०१,०००.०० | ४,३६,७०,५३२.०० | ३ | ७४.७८ |
| सामाजिक क्षेत्र | ६३,०३,८०,७५४.०० | ५६,५०,८३,६४०.४० | ४० | ८९.६४ |
| पूर्वाधार विकास क्षेत्र | ७०,८३,८२,६८५.०० | ५४,६८,३७,६३१.४५ | ३९ | ७७.२ |
| संस्थागत विकास र सेवा प्रवाह | १४,३४,६२,९९२.०० | १०,०५,१३,७५८.५० | ७ | ७०.०६ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | २०,५१,७६,९२६.०० | १५,७१,२६,७३७.४१ | ११ | ७६.५८ |
| जम्मा | १,७४,५८,०४,३५७.०० | १,४१,३२,३२,२९९.७६ | १०० | ८०.९५ |

माथि उल्लिखित तालिका अनुसार सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४० प्रतिशत र आर्थिक विकासमा सबैभन्दा न्यून ३ प्रतिशत खर्च भएको देखिन्छ। पूर्वाधार विकास क्षेत्रमा ३९ प्रतिशत, संस्थागत विकास र सेवा प्रवाहमा ७ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ११ प्रतिशत खर्च भएको देखिन्छ। पूर्वाधार विकास क्षेत्रको बजेट लगायत पूँजीगत काममा विनियोजित बजेटबाट चेतनामूलक तालिम कार्यक्रमजस्ता कार्यक्रम भएको देखिन्छ। पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकिएन। पालिकाले आवश्यकता विश्लेषण गरी बजेट विनियोजन गर्ने र सोही अनुसार मात्र खर्च गर्ने गर्नुपर्दछ।

४ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न ४१ वटा संघसंस्था र ९० जना व्यक्तिहरुलाई रु. ६२९९४८९ आर्थिक सहायता वितरण गरेको छ। औषधि उपचार खर्च, गाई गोठ भत्किएको, घर जलेको, पहिरो गएको तथा विपद जन्य क्रियाकलापमा दिने गरेको छ।

| क्र.सं. | कार्यक्रम | संस्था | विनियोजन | खर्च रकम |
|---|---|---|---|---|
| १ | धार्मिक सांस्कृतिक तथा अन्य संघ सस्था सहायता | ४१ | २०००००० | १२५०२२२ |
| २ | विपन्न नागरिक आर्थिक सहायता | १३ | ७००००० | ९६००० |
| ३ | विपद व्यवस्थापन | ८० | १४२२००००० | ४९५३२६२ |
| | जम्मा | १३४ | १६९००००० | ६२९९४८७ |

उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ६९२६०२४७ को ९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

## ५ अनुदान प्राप्ति, फिर्ता र उपयोगः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा हस्तान्तण भएको अनुदानमध्ये सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । संघीय सरकारलाई फिर्ता गर्नुपर्ने रु.१००७४७७३१२।१४ रकम फिर्ता गरेको छ । खर्च हुन नसकेका अनुदान रकमहरु समयमा नै फिर्ता कार्यलाई निरन्तरता दिनु पर्दछ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ९७३५०९८१५ | ९७३५०९८१५ | पुरैखर्च भएको देखिन्छ। |
| | समपुरक | ३३९६७४९७ | ३३९६७४९७ | |
| | जम्मा | १००७४७७३१२ | १००७४७७३१२ | |
| **प्रदेश सरकार** | | | | |
| | विशेष | २८५३००० | २८५३००० | पुरै खर्च भएको देखिन्छ। |
| | समपुरक | ४०१२६०० | ४०१२६०० | |
| | जम्मा | ६८६५६०० | ६८६५६०० | |
| | **कुल जम्मा** | **१०१४३४२९१२** | **१०१४३४२९१२** | |

यस्तै गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४० अनुसार प्रदेश सरकारबाट पालिकालाई हस्तान्तरण भएका उल्लिखित अनुदानहरु मध्ये खर्च हुन नसकी बाँकी रहेको रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसवर्ष प्रदेश सरकारबाट प्राप्त रकम रु.६८६५६००.० पूर्ण रुपमा खर्च गरेको छ ।

## ६ कार्य सञ्चालन तथा अन्य कोषः

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष विविध कोष, विविध खर्च, आकस्मिक कोष, प्रकोप व्यवस्थापन कोष जस्ता कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.४४३३३६९.४९ सहित रु.१८४८७३७७.९५ आय र रु.१८२२०१९४.६७ खर्च गरी रु.२२९२०७४७.४४ मौज्दात देखाएको छ।

| कोषको नाम | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|
| बिबिध कोष | १८९८९१४.२४ | ८७५९३४४.०० | ९२५०३२३.६७ | १४०७९३४.५७ |
| बिबिध खर्च | १३४१८१२.४८ | ९७१४७२२.९५ | ८१९००४०.०० | २८६६४९५.४३ |
| आकस्मिक कोष | २५०००.०० | ०.०० | ०.०० | २५०००.०० |
| प्रकोप व्यवस्थापन कोष | ११६७६४२.७७ | १३३११.०० | ७७९८३१.०० | ४०११२२.७७ |
| **जम्मा** | **४४३३३६९.४९** | **१८४८७३७७.९५** | **१८२२०१९४.६७** | **२२९२०७४७.४४** |

यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पर्न आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

७ **लक्ष्य प्रगतिः**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । कुल कार्यक्रम ४८० मध्ये शुन्य प्रगति ११ वटा रहेका छन्। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ भने ४६९ वटाको ७५ प्रतिशतसम्म प्रगति रहेको छ।

| **कार्यक्रम/ योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | ४८० | ११ | ० | ० | ४६९ |

८ **बजेट विनियोजनः**

आर्थिक वर्ष २०८१/०८२ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत | बित्तीय | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १,७४,५८,०४,३५७.०० | ८५,७२,८८,३०९.०० | ४९.१० | ८७,९८,१६,०४८.०० | ५०.४० | ८७,००,०००.०० | ०.५ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. १७४५८०४३७५ बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ८५७२८८३०९ अर्थात ४९ प्रतिशत र पूँजीगत तर्फ ५०.४० प्रतिशत अर्थात रु. ७८९८१६०४८ बजेट विनियोजन भएको छ। त्यसैगरी वित्तीय तर्फ रु. ८७००००० अर्थात ०.५ प्रतिशत मात्र बजेट विनियोजन भएको छ।

९ **बजेट तथा पूँजीगत खर्च :**

नगरपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

| **क्र.सं.** | **आर्थिक वर्ष** | **बजेट** | **पूँजीगत खर्च** | **बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत** |
|---|---|---|---|---|
| १ | २०८१/८२ | १,७४,५८,०४,३५७.०० | ६७,७४,४४,१९५.४५ | ३८.८० |

पालिकाको यस वर्ष बजेट रु. १,७४,५८,०४,३५७ विनियोजन गरेकोमा पूँजिगत रु. ६७,७४,४४,१९५.४५ खर्च गरेको छ जुन कुल बजेटको ३८.८० प्रतिशत मात्र हुन आउँछ। पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये चालु प्रकृतिको खर्चमा भन्दा पुँजीगत प्रकृतिको खर्चको हिस्सामा बृद्धि गर्नुपर्दछ।

१० **बजेट तथा चालु खर्चः**

पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ।

| क्र.सं. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०८१/८२ | १,७४,५८,०४,३५७.०० | ७२,७०,८८,१०४.३१ | ४१.६४ |

पालिकाले यस पालिकाको यो वर्ष बजेट रु.१,७४,५८,०४,३५७ विनियोजन गरेकोमा चालु तर्फ रु. ७२,७०,८८,१०४.३१ खर्च गरेको छ जुन कुल बजेटको तुलनामा ४१.६४ प्रतिशत हुन आउँछ। पालिकाले विकास निर्माण कार्यलाई प्राथमिकतामा राखेर कुल बजेट मध्ये पुँजीगत खर्चको हिस्सामा बृद्धि गरी अनिबार्य प्रकृतिका बाहेक अन्य चालु खर्चहरुमा न्यूनीकरण गर्नुपर्दछ।

११ **विज्ञापन प्रकाशन तथा प्रशारण कार्यः**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष नगरपालिका चालूतर्फ रु. १४००००० बजेट व्यवस्थापन गरी रु. ११७५६०७ खर्च गरेको देखियो। उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन। साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु. ३५२६८ बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन। पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ।

१२ **गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले सवारी साधन मर्मत खर्च रु. १३३५५, विपद व्यवस्थापनमा रु. ४००७२ लगायत ४९ को शीर्षकमा रु. ४७४३८८०, टोल विकास संस्था संचालन रु. १०००००, पदाधिकारीले पाउने बैठक भत्ता रु. २९९२००० लगायत रु. १०६३८३४९ तथा बल्ड बैंक बाग्लुङलाई रु. ५००००० भुक्तानी दिन बाँकी रहेको छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु. १ करोड ५८ लाख ८२ हजार २२९ भुक्तानी दिएको छ। तसर्थ यस्तो कार्य नियन्त्रण गर्न बजेट निर्माण गर्दा विशेष ध्यान दिनुपर्दछ।

१३ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च :**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ५५०००० भुक्तानी दिएको पाईयो ।

| क्र सं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १. | राधा कृष्ण मन्दिर | एकादशी मेला व्यवस्थापन | ५०००० |
| २. | नेपाल पत्रकार महासंघ | दिगो विकास र वातावरण सम्बन्धि पत्रकारिता तालिम | ३००००० |
| ३. | नेपाल प्रेस युनियन | पर्यटन प्रवर्द्धन | २००००० |
| | | जम्मा | ५५०००० |

तसर्थ यस्ता प्रकृतिका खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

१४ **सेवाप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको विवरण लेखापरीक्षणका क्रममा माग भएपनि आंशिक रुपमा प्राप्त विवरण तलको तालिकामा उल्लेख छ। कार्यालयले सबै सेवा प्रवाहलाई अभिलेखिकरण गरी चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ।

| १ | **पञ्जिकरणतर्फ** | **जम्मा** | २ | **पूर्वाधार विकास सडक निर्माण** | **जम्मा** |
|---|---|---|---|---|---|
| क | जन्मदर्ता | ११६१ | क | कालोपत्रे सडक निर्माण(नयाँ ट्र्याक २.२३, सडक ढलान ३.७९) | ६.७७ कि.मि. |
| ख | मृत्युदर्ता | १५५ | ख | शौचालय निर्माण | १४ वटा |
| ग | बसाईसराई दर्ता | १६ | ग | खानेपानी पाइप वितरण | २४७२९मि. |
| घ | विवाह दर्ता | ३५५ | घ | सिँचाई कुलो | ७४७.७५ मि. |
| ङ | सम्बन्धविच्छेद दर्ता | १९ | ङ | स्वीकृत घरनक्सा दर्ता पास (नयाँ ३४७० र अघिल्लो १०३) | २४७० |
| | | | च | धारा निर्माण | ८७ |

१५ **भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलनः**

यस सम्बन्धमा लेखापरीक्षण अवधिसम्म भएका कार्यहरु देहाय बमोजिम रहेका छन्।पालिकाले उपलब्ध गराएको विवरण अनुसार सम्बन्धित वडा मार्फत् संकलन गरेको निम्नानुसारको निवेदन पालिकामा प्राप्त भएको छ ।

| **क्र.सं.** | **विवरण** | **घरधुरी संख्या** |
|---|---|---|
| १ | भूमिहिन दलित | २८ |
| २ | भूमिहिन सुकुम्बासी | ५६ |
| ३ | अव्यवस्थित बसोबासी | १७२ |
| | **जम्मा निवेदन** | **२५६** |

भूमिहिन दलित २८ र सुकुम्बासी ५६ तथा अव्यवस्थित बसोबास गरेका १७२ घरधुरी संख्यालाई जगाधनी पूर्जा वितरण गर्न पालिकाले कुनै पहल गरेको विवरण पेश भएको छैन। लगत मात्र सङ्कलन भएको विवरण पेश भएको छ। पहिचान भएका भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई उचित व्यवस्थापन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१६ **दरबन्दी बाहिरको करार सेवाः**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी सवारी चालक, कार्यालय सहयोगी प्लम्बर इलेक्टीसियन चौकिदार माली बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। कार्यालयले संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत नगरी ७ जना करार कर्मचारी स्वीकृत दरबन्दी बाहिर राखेको छ। पालिकाले दरबन्दी बाहिर करार सेवामा कर्मचारी राखी तलव भत्तामा रु.२२५३४९३४ खर्च गरेको देखिएको छ ।करार कर्मचारी स्वीकृत दरवन्दीमा राखि वा कानूनी व्यबस्था गरी सेवा करार लिनुपर्दछ ।

१७ **कानूनी सल्लाहाकारको भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **७९,५१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१८ **संगठन तथा कर्मचारी व्यबस्थापन तर्फः**

१८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा वडा, स्वास्थ्य, कृषि, पशु सहित २९३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २६८ जना स्थायी पदपूर्ती भएको देखिन्छ ।

| क्र.स. | स्वीकृत पद | नगरपलिकाको O&M बाटस्वीकृत दरबन्दी | | | | पदपूर्ती | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यालय | वडा | स्वास्थ्य | स्थायी | करार | रिक्त |
| १ | नवौं तह /दशौं | २ | २ | ० | २ | ० | ० | -२ |
| २ | सातौ तह/ आठौं | १८ | १० | ० | ८ | १४ | ४ | -१४ |
| ३ | छैठौं | ४५ | १८ | ५ | ३० | ५० | ३ | -८ |
| ४ | पाँचौं /छैठौं तह | ९७ | १२ | १० | ३४ | ३० | २६ | ४१ |
| ५ | चौथौ तह | ४४ | १८ | २४ | २६ | १४ | ५४ | -२४ |
| ६ | श्रेणी विहिन कार्यालय सहयोगी | ४५ | १३ | १४ | १२ | ६ | ३३ | ६ |
| ७ | श्रेणीविहिन सरसफाईकर्मी/ सुरक्षा/ विपद व्यावस्थापन/ सवारी चालक | ४२ | ३२ | ० | ० | १ | ३१ | ९ |
| जम्मा | | २९३ | १०५ | ५३ | ११० | ११७ | १५१ | २५ |

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित २५ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

मन्त्रालयबाट स्वीकृत दरबन्दी १४८ मा नगरपालिकाले स्वीकृत गरेको दरबन्दीमा २९३ रहेको छ। पालिकाले तयार गरी संचालनमा ल्याएको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धित निकायमा दर्ता गर्नुपर्नेमा सो गरेको देखिएन।

पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, लगायतका पदमा मात्र सेवा करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको विभिन्न प्राविधिक पदमा करार नियुक्ति गरी खर्च लेखेको देखिन्छ।

दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ वैज्ञानिक संगठन र व्यवस्थापन सर्वेक्षण परिमार्जन गरि वैज्ञानिक तथा बस्तुनिष्ट बनाई कार्यविवरण तयार गरि पदहरु यथासक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ ।

१८.२ **तलबी प्रतिवेदन :** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ६० स्वास्थ्यकर्मी तथा कर्मचारीको रु. ४७५६९०८ र पालिकाका ११७ कर्मचारीको रु. ४५९६५५९ समेत रु. ९३५३४६७ खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ। पालिकामा छलफलको क्रममा आन्तरिक लेखापरीक्षकद्वारा तलबी प्रतिवेदन पारित गरिएको जनाएको छ।

## १९ आन्तरिक नियन्त्रण प्रणाली तर्फः

१९.१ **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यविधि तयार गरेता पनि प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेको छन ।

| क्रम संख्या | २०८०।२०८१ मा उल्लिखित आ.बि.. | भएको | नभएको | आंशिक | कैफियत |
|---|---|---|---|---|---|
| १ | **बजेट व्यवस्थापन तर्फः** | | | | |
| | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको | | | ü | |
| | दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार गरेको | | ü | | |
| | स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमहरु जस्तैः बैठक, तालिम, गोष्ठी, अभिमुखिकरण आदी लाई व्यवस्थापन गर्न कार्य सञ्चालन निर्देशिका स्वीकृति गरी सोको कार्यान्वयन गरेको | | ü | | |
| | स्थानीय तहबाट यस वर्ष सञ्चालन कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार गरेको | | ü | | |
| २ | **भ्रमण खर्च व्यवस्थापन तर्फः** | | | | |
| | भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख राख्ने गरेको | | | ü | |
| | नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् सबै खालका भ्रमणको प्रतिवेदन लिने गरेको | | | ü | |
| ३ | **खरिद व्यवस्थापन तर्फः** | | | | |
| | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको विवरण पेश गरेको | | ü | | |
| | स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य | | | ü | |

| | | | | | |
|---|---|---|---|---|---|
| | गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको | | | | |
| | स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने गरेको | | | ü | |
| ४ | **शिक्षातर्फः** | | | | |
| | स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको प्रतिवेदन पेश गरेको | | ü | | |
| | शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन भएको | | ü | | |
| | शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको | | ü | | |
| ५ | **विविधतर्फ :** | | | | |
| | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्तमा मात्र दिने गरेको | | ü | | |
| | कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको | | ü | | |
| | कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानै रहेको र अद्यावधिक गरि राखेको | | | ü | |
| | पुर्वाधार निर्माण योजनाहरुमा प्रयोग भएको सामाग्रीको प्रयोगशाला परीक्षणको प्रावधान रहेतापनि योजनाहरुमा परीक्षण भएको | | | ü | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्ने गरेको | | | ü | |
| | मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सो अनुसार गर्ने गरेको | | ü | | |

१९.२ **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानिय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकामा आन्तरिक लेखापरिक्षक र शाखाको व्यवस्था गरेको पाईयो। आन्तरिक लेखापरीक्षकले त्रैमासीक प्रतिवेदन दिनु पर्नेमा सो गरेको पाईएन।वार्षिक लेखापरीक्षण प्रतिवेदनमा बेरुजु वर्गिकरण अनुसार परीक्षण गरी प्रमुख प्रशासकिय अधिकृतलाई बुझएको पाईयो। सिमित समय र जनशक्तिको आधारमा अन्तिम लेखापरीक्षणबाट सवै कारोवारको परीक्षण गर्न सम्भव हुने स्थिती छैन । कतिपय कारोवार आन्तरिक लेखापरीक्षणलाई आधार लिई अन्तिम लेखापरिक्षणमा परीक्षण नगरिने मान्यता र प्रचलन समेत रहेको छ।यस्तो अवस्थामा नगरपालिकाले आन्तरिक लेखापरीक्षण गराउने कार्य उपयुक्त रहेको छ।अन्तिम लेखापरीक्षण गर्दा पालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली पनि आधार लिएको छ। आन्तरिक लेखापरीक्षणलाई अझ कार्यदक्षता र व्यवस्थित गर्नुपर्दछ।

१९.३ **बेरुजु लगत :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । बेरुजु लगतका लागि म.ले.प फाराम ८०१ देखि ८०५ सम्म व्यवस्था गरिएको छ । पालिकाले बेरुजुको सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन । पालिकाको असुल गर्नु पर्ने रु.४०८४५४८२ नियमित गर्नु पर्ने रु. १९७२९६८०१ लगायत रु३२६८८६४७२ बाँकी रहेको छ।

| क्र. स | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | प्रमाण पेश गर्ने मध्ये पेश्की रु. | २४५८२४३२ | पेश्की मात्र |
| २ | प्रमाण पेश गर्नु पर्ने रु. | ६४१५९६६६ | पेश्की बाहेकको |
| ३ | नियमित गर्नु पर्ने रु. | १९७२९६८०१ | |
| ४ | असुल गर्नु पर्ने रु. | ४०८४५४८२ | |
| | कुल जम्मा बेरुजु रु. | ३२६८८६४७२ | |

साथै पालिकाले बेरुजु सम्परीक्षण गर्नेतर्फ ध्यान दिएको देखिएन । बेरुजु र बेरुजु फछर्यौटको लगत अद्यावधिक राख्नुपर्ने तथा महालेखापरीक्षको प्रतिवेदनमा औल्याइएका बेरुजुको समयमै सम्परीक्षण गराउनुपर्दछ ।

१९.४ **सफ्टवेयर खरिदः** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था

रहेको छ । स्थानीय तहले देहाय तालिकामा भए बमोजिम ४ वटा सफ्टवेयर खरिद गरी रु.२२०१५५० मा सम्झौता भएकोमा रु७१६५०० मर्मत संभारमा खर्थ भएको देखिन्छ । यसरी प्राप्त भएको सफ्टवेयर सचालनको लागि सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रमकोनाम | खरिदगरेको वर्ष | सफ्टवेयरखरिद खर्च | योवर्षको वार्षिक मर्मत सभार खर्च | हालसम्मको मर्मत सभार खर्च | कार्यसम्पादनकोअवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | राजश्वसंकलन | २०७२ | ५,००,००० | ५०,००० | ५,००,०० | पूर्ण सञ्चालनमा | अनुदानमाप्राप्त |
| २ | स्थानीय योजना व्यवस्थापन प्रणाली | २०७७। ०७८ | ४,९१,५५० | ५६,५०० | १,३६,५०० | पूर्ण सञ्चालनमा | |
| ३ | e - HIMS | २०८०। ०८१ | २,१०,००० | ८०,००० | ८०,००० | पूर्ण सञ्चालनमा | |
| ४ | Electronic Building Permit System | २०८०। ०८१ | १०,००,००० | | | पूर्ण सञ्चालनमा | |
| | जम्मा | | २२,०१,५५० | १,८६,५०० | ७,१६,५०० | | |

२० **सामुदायिक वनको आय:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्रि वापतको प्राप्त हुने रकमको १० प्रतिशत सम्बन्धित पालिकाको सञ्चित कोक्षमा जम्मा गर्नुपर्ने व्यवस्था भएअनसार पालिकामा रहेको ४ वटा कबुलियति वन र ९४ वटा सामुदायिक वन उपभोक्ता समितिबाट वन पैदावारको प्राप्त हुने रकमको दश प्रतिशत रकम वन कार्यालयसँग समन्वय गरी पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

२१ **कानून निर्माण एवंम कार्यान्वयन तर्फ:**

२१.१ **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

| **सि.नं.** | **विवरण** | **संख्या** | **कैफियत** |
|---|---|---|---|
| १ | ऐन | १५ | सबै राजपत्रमा प्रकाशन भएको नगरपालिकाले जनाएको तरकेही website मा राखिएको छैन। |
| २ | नियमावली | ५ | |
| ३ | कार्यविधि तथा निर्देशिका | ३५ | |
| ४ | मापदण्ड | १० | |
| **जम्मा** | | **६५** | |

२१.२ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।

| क्र.सं. | कार्यन्वयनको अवस्था | | आ.व. ०८१।०८२ मा दर्ता हुन आएको बिषयको आधारमा मुद्दा संख्या | |
|---|---|---|---|---|
| १ | निरुपण वा फैसला भएका संख्या | १ | घर जग्गा विवाद, घर बहाल | ७ |
| २ | मेलमिलाप भएको मुद्दाको संख्या | २ | इज्जत आमद अनुसार खानलाउन पाउ | ४ |
| ३ | तामेलीमा रहेको मुद्दा संख्या | ३ | सार्वजनिक रुपमा प्रयोग हुदै आएको बाटोको निकास सम्वन्धमा | ३ |
| ४ | छलफलको लागि मेलमिलाप केन्द्रमा पठाईएको मुद्दा संख्या | ४ | खानेपानी सम्बन्धी | ३ |
| ५ | अदालतमा पठाएको (मेलमिलाप हुन नसकी) मुद्दा संख्या | ५ | ज्याला मजदुरी गाली बेइज्जती | ३ |
| ६ | प्रक्रियामा रहेको मुद्दा संख्या | ६ | पशुपंक्षी पाल्दा लापरवाही गरी अरुलाई असर पुर्याएको | १ |
| ७ | जम्मा मुद्दा संख्या | ७ | अन्य | ३ |
| | | | जम्मा | २४ |

न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।

| निर्णयकर्ता | गत वर्षसम्मका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | यसवर्ष फछ्यौंट भएका विवाद | यसवर्षको फछ्यौंट हुन बाँकी विवाद |
|---|---|---|---|---|---|
| न्यायिक समिति | ८ | २४ | ३२ | २४ | ८ |

लेखापरीक्षणको क्रममा न्यायिक समितिको मात्र विवरण अनुसार मुद्दा दर्ता र फछ्यौंट कारबाही भएको देखियो।त्यसैले न्यायसम्पादन प्रक्रियालाई अभिलेख व्यवस्थित गरी छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाहीको टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ।

२१.३ **मुद्दा दर्ता र फैसलाः** पालिकाले पेश गरेको विवरण अनुसार पालिकालाई पक्ष विपक्ष भई अदालतमा रहेका मुद्दाको विवरण देहाय बमोजिम रहेको छ ।

| **अदालत** | **गत वर्षबाट मौज्दात सरेका मुद्दा संख्या** | **यस आर्थिक वर्षमा थप संख्या** | **जम्मा संख्या** | **यस वर्ष फैसला भएका मुद्दा संख्या** | **विचाराधीन बाँकी मुद्दा संख्या** |
|---|---|---|---|---|---|
| सर्वोच्च अदालत | २ | ० | २ | १ | १ |
| उच्च अदालत | १३ | ५ | १८ | १२ | ६ |
| जिल्ला अदालत | ७ | ४ | ११ | ६ | ५ |
| **जम्मा** | २२ | ९ | ३१ | १९ | १२ |

उपरोक्त विवरण अनुसार नगरपालिकामा गत वर्षबाट २२ वटा मुद्दाको जिम्मेवारी सरी आएकोमा यस वर्ष ९ वटा थप भई जम्मा ३१ वटा मुद्दा पुगेका छन्। उक्त मुद्दाहरु मध्ये यस वर्ष १९ वटाको फैसला भई १२ वटा मुद्दाहरु विचाराधीन रहेका छन्। त्यसैले विभिन्न अदालत लगायत अन्य न्यायिक निकायमा विचाराधीन रहेका मुद्दाहरु उपर विषयगत विज्ञता सहित कानूनी प्रतिरक्षा प्रणालीलाई थप प्रभावकारी र विश्वसनीय बनाउने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ।

२२ **सहकारी तर्फः**

२२.१ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ र नगरपालिका सहकारी ऐन, २०७४ को दफा ७४ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १०३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ७६ वटाले विवरण दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा ४९ वटा मात्र पेश भएको थियो। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

| क्र.स | सहकारी | दर्ताभएका | कोपोमिसमा आवद्ध | बा.ले.प.पेश |
|---|---|---|---|---|
| १ | बचत तथा ऋणसहकारी | २९ | २१ | १९ |
| २ | कृषीसहकारी | २५ | ८ | ८ |
| ३ | उपभोक्तासहकारी | १ | १ | १ |
| ४ | दुग्धसहकारी | ८ | ५ | २ |
| ५ | बहुउदेश्यि | २४ | २४ | १६ |
| ६ | अन्य | १६ | १७ | ३ |
| | **जम्मा** | **१०३** | **७६** | **४९** |

२२.२ **सहकारी संस्थाको अनुगमन :** नगरपालिका सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा ७१ र ७२ अनुसार पालिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गरिएको छ । पालिकामा १०३ सहकारी संचालनमा रहेकोमा सहकारी ऐनमा तोकिए बमोजिम १५ सहकारी संस्थाको अनुगमन गरेको । त्यसैले सहकारी संस्थाको नियमनकारी निकायको रुपमा रहेको नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरुको वचत रकम र संस्थाहरुको ऋण लगानीको सुरक्षाको सुनिश्चितता प्रत्याभुत गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

२२.३ **विशेष व्यवस्था :** नगरपालिका सहकारी ऐनको दफा ७३ मा वचत तथा ऋणीहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था रहेको छ। पालिकामा २९ वटा वचत तथा ऋण सहकारी रहेकोमा शेयर सदस्य ६९६१ शेयर पुर्जीँ रु. २०६६२०१०० छ भने बचत रु. ७९७९६४३४३, ऋण लगानी रु. ९०३८८१८२०, कूल सम्पत्ति रु. ११३७५३८१२२ रहेको छ। तसर्थ पालिकाले निरीक्षण र अनुगमण गर्दा नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिनु पर्दछ।

२२.४ **सहकारी बचत तथा कर्जा सुरक्षण कोष :** सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरुको सहभागितामा संस्था हरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यावस्था रहेको छ । पालिकाभित्रका सहकारीहरुको सहभागितामा सहकारी बचत

तथा कर्जा सुरक्षण कोष खडा गरि नागरिकहरुको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरि कार्य गरेको पाईएन । तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ।

२२.५ **विघटन र दर्ता खारेज :** नगरपालिका सहकारी ऐन, २०७४ को दफा ६६ (१-६) मा विघटन र दर्ता खारेजीको व्यवस्था रहेको छ। सो व्यवस्थालाई उल्लंघन गर्ने २ वटा संस्थाहरु आन्तरिक समस्याको अवस्थामा लामो समयदेखि रहेको छन्। यस बारेमा पालिकाले कारवाहीको पहलको लागि छलफलको क्रममा रहेको जनाएको छ। तसर्थ नागरिकको बचतको सुनिश्चितता गरी खारेजी र विघटन गरी दर्ता प्रमाणपत्र रद्ध गर्ने प्रकृयामा जानु पर्दछ।

२२.६ **बार्षिक प्रतिवेदन :** नगरपालिकाले सहकारी ऐन, २०७४ को दफा ७४ मा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण गरी वार्षिक प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस बाग्लुङ नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सहकारी संस्थाको शेयर पुँजी, बचत, ऋृण लगानी, कुल सम्पत्तीको विवरण देहाय बमोजिम रहेको छ ।

| **सहकारी संस्थाको किसिम** | **सहकारी संख्या** | **शेयर सदस्य संख्या** | **शेयर पूँजी रु.** | **बचत रु.** | **ऋण लगानी रु.** | **कुल सम्पत्ति** |
|---|---|---|---|---|---|---|
| बचत तथा ऋण सहकारी संस्था लि. | २९ | ६९६१ | २०६६२०१०० | ७९७९६४३४३.१८ | ९०३८८१८१९.९४ | ११३७५३८ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | २२ | ११२५६ | ३६२१०२७०० | ९०९६७४६६४.७५ | १०८८५९२०६३.४४ | ११०८४९ |
| कृषि सहकारी संस्था लि. | २५ | १२०२ | ३३३७५४०० | ५७५२३९९२.१९ | ८६०६९९३९.८५ | १०३५५९ |
| उपभेक्ता सहकारी संस्था लि. | १ | २०४ | १६६०३०० | २५९७६८४.०० | २०४२८३६.०० | ७२६६४४ |
| बहुमुखी सहकारी संस्था लि. | २ | ८३५ | २३२४६००० | ९०३२८९०६ | ७५७९९१००० | ८७१८६५ |
| जम्मा | ७९ | २०४५८ | ६२७००४५०० | १८५८०८९५९०.१२ | २८३८५७७६५८.२९ | ३१३५५२५ |

आर्थिक वर्ष २०८१।८२ सम्म जम्मा १०३ वटा सहकारी संस्था मध्ये ७९ सहकारी संस्थाको विवरण प्राप्त भएको छ। ७९ वटा सहकारी संस्थाको २०४५८ जना शेयर सदस्य रहेका छन् भने उक्त सहकारी संस्थाहरुको शेयर पूँजी रु. ६२७००४५०० रहेको छ भने कुल सम्पत्ति रु. ३१३५५२५६५७ रहेको छ। विवरण सम्पुर्ण निकायको प्राप्त नहुदाँ पुर्ण रुपमा विश्लेषण गर्न सकिएन। नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका सवै सहकारीबाट नियमित रुपमा वित्तीय विवरण माग गर्ने अनुगमन गर्ने कार्य गरी प्रतिवेदन तयार गरेको नदेखिएकोले नगरपालिकाको सहकारी ऐन बमोजिम वित्तीय प्रतिवेदन माग गर्ने, अनुगमन गर्ने लगायत तोकिएका कार्य गरी प्रतिवेदन तयार गर्नुपर्दछ। तसर्थ कानुनी व्यवस्था पुर्ण पालना गर्नु पर्दछ।

२३ **पुरातात्विक महत्वका मन्दिर निर्माण :**

प्राचिन स्मारक र पुरातत्व सम्वन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरुको संरक्षणको निमित्त बनेको प्राचिन स्मारक संरक्षण ऐन २०१३ र नियमावली २०४६ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्र भएका पुरातात्विक महत्वका मठमन्दिर, सत्तल, ढुङ्गेधारा, इनार आदिकको पुनर्निर्माण, जीर्णोद्धार, स्तरोन्नती मर्मत गर्दा पुरातत्व विभागको स्वीकृत लिनुपर्ने तथा यस्तो मर्मत, जिर्णोद्धार गर्दा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्रीको प्रयोग गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष का मन्दिरको पुनर्निर्माण गर्न रु. २२१००००० विनियोजन गरी रु. १९८७५६४३ खर्च गरेको छ। यस्ता पौरणिक महत्वका मन्दिर स्तरोन्नती, छट घाट ढलान, मन्दिर कोठा निर्माण, मन्दिर जिर्णोद्धार कार्यको लागि परीक्षण गरेका भौचरमा संलग्न लागत अनुमान, प्राविधिक नापी तथा उपभोक्ता समितिले पेश गरेका विल विजकहरुमा सिमेन्ट प्रयोग हुने आरसिसि, पिसिसि, प्लाष्टर लगायतका कंक्रिटजन्य संरचना निर्माणको लागि भुक्तानी गरेको देखियो। कानूनमा व्यवस्था भए बमोजिम धार्मीक तथा पौराणिक महत्वका सम्पदाहरुको संरक्षण तथा मर्मत गर्दा पौराणिक महत्व झल्कने तथा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्री प्रयोग भएको छ भन्ने प्रमाण श्रेस्तासँग संलग्न राखेको छैन। यसबाट धार्मीक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको मौलिकता संरक्षीत हुन नसिकी मौलिकता परिवर्तन हुने देखिन्छ। यस कार्यमा सुधार गरी कानूनमा भएको व्यवस्था बमोजिम कार्य गराउन पालिकाले ध्यान दिनुपर्दछ।

## २४ खरिद तथा ठेक्का अभिलेख तर्फः

२४.१ **योजनाको प्राथमिकीकरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो वातावरण संरक्षण एवम् भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार १४ वडाको लागि २४१ वडागत र २३९ पालिकास्तरका कुल ४८० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २३९ | १७ | २१ | २०१ |
| २. | वडास्तरीय | २४१ | ० | ८ | २३३ |
| | जम्मा | ४८० | १७ | २९ | ४३५ |

उपर्युक्त विवरणअनुसार पालिकाले ४३५ साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेको उल्लिखित योजना मध्ये ४६९ योजनामात्र कार्यान्वयन भई ११ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२४.२ **आवधिक योजना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छ। आवधिक योजना भए पनि पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

२४.३ **वार्षिक खरिद गुरुयोजना :** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक

खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ६७७४४१९६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक गुरुयोजना नबनाई खरिद कार्य गरेको देखिएन। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२५ **पेश्की व्यबस्थापन तर्फ:**

२५.१ **पेश्की बाँकी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ४७-५५ मा पेश्की दिने र फर्स्यौट गर्ने कार्यविधिको व्यवस्था रहेको छ । नियम ५१ मा पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फर्स्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाई असुल गर्न सकिने व्यवस्था छ । यस कार्यालयबाट तपसिल बमोजिमका कर्मचारी तथा अन्य व्यक्ति/संस्थाहरुलाई पेश्की उपलब्ध गराएकोमा नियमावली, बमोजिम फर्स्यौटको अवधि सकिएकोले कार्यालयको तर्फबाट आगामी दिनमा यस्तो अवस्था आउन नदिन विशेष ध्यान दिनुपर्दछ ।अत: देहाय अनुसारका व्यक्ति तथा निकायहरुको नाममा वर्षान्त सम्म फछ्र्यौट हुन बाँकी रहेको पेश्की रु.६७५००० फछ्र्यौट हुनुपर्ने ।

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **पेश्की लिने कर्मचारी/ ठेकदार/ संस्था/ उ.स को नाम** | **पेश्की रकम** |
|---|---|---|---|
| १ | सवारी साधन मर्मत | शिव प्रसाद सापकोटा | १५०००० |
| २ | विपद ब्यवस्थापन | तेजे सार्की | १००००० |
| ३ | जिरो वेष्ट कार्यक्रम | सुदिप राजभण्डारी | १००००० |
| ४ | नगर उपप्रमुख पर्यटन विकास कार्यक्रम | सस बहादुर पुन | ३००००० |
| ७ | सहरी स्वास्थ्य केन्द्र संचालन | सहरी स्वास्थ्य केन्द्र पैयूपाटा | २५००० |
| | | **जम्मा** | **६७५०००** |

२५.२ **गत विगत आ.व. को पेश्की फर्छयौट नगरेको :** यस पालिका, कार्यपालिकाको कार्यालयमा गत विगत आ.व मा विभिन्न फर्म तथा कर्मचारीहरुलाई पेश्की दिईएकोमा हालसम्म पनि पेश्की फर्छयौट नभएको देखिन्छ ।आर्थिक कार्यबिधि तथा वितीय उत्तरदायित्व ऐन,२०७६ र आर्थिक कार्यबिधि तथा वितीय उत्तरदायित्व नियमावली ,२०७७ को परिच्छेद ५ को नियम ४७ को उपनियम ४ र ५ मा पेश्की फर्छयौट सम्बन्धि व्यवस्थामा १५ भित्र पेश्की फर्छयौट गर्नुपर्ने र सोको जानाकारी पेश्की लिनेलाई ७ दिनभित्र दिनुपर्ने व्यवस्था छ तर यसरी गत विगत आ.व को पेश्की हालसम्म पनि फर्छयौट नगरेको निम्नानुसारको पेश्की रकम नियमानुसार फर्छयौट गर्नुपर्ने । पेश्की लिने र दिने दुबैलाई जिम्मेवार बनाउनुपर्ने ।

२६ **फोहोरमैला व्यवस्थापन :**

फोहोरमैला व्यवस्थापन ऐन, २०७५ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहोरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहोरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । जिल्ला सदरमुकाम भएको पालिका भएको हुँदा मानवीय घनत्व पनि बढी नै हुन्छ। यस कार्यलाई अघि बढाउन राजश्व परामर्श समितिले न्यूनतम मूल्य कायम गरेको छ। यो प्रत्येक वर्षको आर्थिक ऐनमा ६ वटा शीर्षक वर्गीकरण गरी रु. ५० देखि २२००० सम्मा मासिक सरसफाई शुल्क तोकिएको छ। सो वापत रु. ६४९४७१० सरसफाई शुल्क संकलन गरिएको छ। प्रत्येक टोलमा साप्ताहिक फोहोर उठाउने व्यवस्था गरिएको छ भने ग्रामीण वार्डमा मासिक १ पटक तथा माग अनुसार ट्रयाक्टर पठाइने छ। हाल सम्म स्रोतमा वर्गीकरण गरेको देखिएन। उठाएको फोहोर मालढुङ्गा डम्पिङ साइडमा संकलन गर्ने गरिएको छ। यो कार्य निजी क्षेत्रलाई दिइएको छ। त्यहाँ वर्गीकरण पुन प्रयोगमा

आउने कवाडी संकलन बाट आ.ब.२०८१।०८२ मा रु.७७०५०० संकलन भएको छ।पालिकाले ट्र्याक्टर १ वटा, टिप्पर १ वटा, कम्प्रेसर १ वटाको व्यवस्था गरेको छ। सम्बन्धित वडा सरसफाई गर्ने कर्मचारी १४ जना रहेको छ। फोहोरमैलाको उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोर वर्गीकरण गरी पर्याप्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२७ **धरौटी लेखाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी कारोवारको लेखा राख्ने सम्बन्धी व्यवस्था रहेको छ। पालिका उपलब्ध गराएको विवरण अनुसार गतवर्षको धरौटी बाँकी रु. १६८९०९७५.९५, यसवर्षको आम्दानी रु. २७००३२७६.२५ गरी जम्मा रु. ४३८९४२५२.२० आम्दानी गरेकोमा धरौटी फिर्ता रु. ६०१०६५४.८० गरी रु. ३७८८३५९७.४० मौज्दात रहेको छ। पालिकाले धरौटी कारोवारलाई व्यवस्थित राखेको पाइयो। यस्तो कार्यलाई निरन्तरता दिनुपर्दछ।

२८ **कर्मचारी कल्याण कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक स्रोतबाट कर्मचारी कल्याण कोषमा रु.७५ लाख विनियोजन गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम कार्यविधि/कानुनी व्यवस्था गरी परिचालन गर्नु पर्दछ।

२९ **धरौटी लेखाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी कारोवारको लेखा राख्ने सम्बन्धी व्यवस्था रहेको छ। पालिका उपलब्ध गराएको विवरण अनुसार गतवर्षको धरौटी बाँकी रु. १६८९०९७५.९५, यसवर्षको आम्दानी रु. २७००३२७६.२५ गरी जम्मा रु. ४३८९४२५२.२० आम्दानी गरेकोमा धरौटी फिर्ता रु. ६०१०६५४.८० गरी रु. ३७८८३५९७.४० मौज्दात रहेको छ। पालिकाले धरौटी कारोवारलाई व्यवस्थित राखेको पाइयो। यस्तो कार्यलाई निरन्तरता दिनुपर्दछ।

३० **पूँजीगत खर्चको अवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष ६ शिर्षकबाट ४४५ योजनामा रु.३५२३४५२६१.८८ खर्च गरेकोमा ३९६ योजनामा रु.१४१७८९६४७.० उपभोक्ता समितिबाट खरिद गरेको छ। कुल खरिद मध्ये कन्टेन्जेन्सीबाट रु.४६१४१७०.९६ रहेको छ। सोझै, तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

| क्र.सं. | उपशीर्षकको नाम | खरिद विधि | संख्या | खर्च रकम |
|---|---|---|---|---|
| १ | बागलुङ नगरपालिका | खुला बोलपत्र | १२ | १९३६७५२६१.५३ |
| २ | | सिलबन्दी दरभाउपत्र | ४ | ६३१९८६४.४८ |
| ३ | | सोझै | ५ | ३४४४३२७.९१ |
| ४ | | अमानत | २८ | २५०१९९०.०० |
| ५ | | उपभोक्ता समिति वा लाभग्राही समुदाय, गैर सरकारी संस्था | ३९६ | १४१७८९६४७.०० |
| ६ | | कन्टीन्जेन्सी | ० | ४६१४१७०.९६ |
| | | **जम्मा** | **४४५** | **३५२३४५२६१.८८** |

## ३१ आन्तरिक आय परीक्षण :

३१.१ **राजश्व दाखिला :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गत विभिन्न वडा कार्यालयहरुले आफ्नो जिम्मामा आएको सरकारी नगदी उल्लिखित व्यवस्था अनुरुप तोकिएको समयमा नियमित दाखिला गरेको पाईएन । पालिकाले वडा कार्यालयहरुलाई आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट बैंक दाखिला गराउने तर्फ आवश्यक व्यवस्था गराउनु पर्दछ । अन्यथा दफा २८(२) मा व्यवस्थाको पालनामा ध्यान दिनु पर्दछ ।

३१.२ **राजश्व परामर्श समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ ।उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्बन्धी आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत, दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको विश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ । यस वर्ष पालिकाको राजश्व परामर्श समितिको ८ वटा बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाईएन ।कानूनत: भएको व्यबस्था अनुसार आफ्नो कार्य प्रभावकारी रुपमा पूरा गर्नुपर्दछ ।

३१.३ **कर संकलन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । रु. हजारमा

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | १०००० | ८२९० | ८२.९ |
| भूमिकर मालपोत | ४०० | १३२ | ३३.० |
| वहालकर | १८२०० | १७५४८ | ९६.४१ |
| वहाल विटौरी कर | ० | २१९ | ० |
| अन्य कर | १५०० | १५६५ | १०४.३३ |
| अन्य सेवा शुल्क तथा विक्री | ० | १०४७७ | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | १८५० | २११ | ११.४० |
| पार्किङ शुल्क | ६१० | ११०० | १८०.३२ |
| नक्सा पास दस्तुर | ४५०० | ७०५८ | १५६.८४ |
| सिफारिस दस्तुर | ५०५० | ४२८८ | ८४.९१ |
| व्यक्तिगत घटना दस्तुर | ८८० | १०९७ | १२४.६५ |
| नाता प्रमाणित दस्तुर | २४२ | ६३० | २६०.३३ |
| अन्य दस्तुर | ७४०० | ११९५ | १६.१४ |
| प्रशासनीक दण्ड जरीवाना र जफत | २९०० | १२१२ | ४१.७९ |
| व्यवसाय कर | १४५०० | १२५१७ | ८६.३२ |
| प्रदुषण नियन्त्रण शुल्क | ५७०० | १११ | १.९४ |
| धरौटी सदरस्याहा | १००० | १२ | १.२ |
| बेरुजु | १२५० | १५९७ | १२७.७६ |
| | | | |

| | | | |
|---|---|---|---|
| शिक्षा क्षेत्रको आम्दानी | ३०० | ० | ० |
| अन्य क्षेत्रको आय | १२४४५८ | ० | ० |
| जम्मा | २००७४० | ६९२५९ | ३४.५० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष अनुमानको तुलनामा ३४.५० प्रतिशत मात्र आन्तरिक आय संकलन गरेको देखिन्छ । साथै सम्पत्ति करमा असुली ८२.९ प्रतिशत भूमिकरमा ३३.० प्रतिशत वहालकरमा लक्ष्यको तुलनामा ९६.४१ प्रतिशत, व्यवसाय करमा ८६.३२ प्रतिशत असुलि भएको देखिन्छ ।वहाल विटौरी करमा अनुमान नै गरिएको छैन । शिक्षा क्षेत्रको आम्दानी ३००००० र अन्य क्षेत्रको आयमा १२४४५८००० गरेको शुन्य आम्दानी भएको छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।आन्तरिक आय अनुमान गर्दा यथार्थपरक हुने गरी तर्जुमा गर्नुपर्दछ ।

३१.४ **राजस्व लक्ष्य तथा असुली :** पालिकाको आर्थिक ऐन,२०८१ तथा पालिकाको नीति तथा कार्यक्रममा राजस्व प्रणालीलाई सुचनामैत्री, सुद्बढ वनाउने,करका दर तथा दायरा वृद्धि तथा नीतिमा पुनरावलोकन, आन्तरिक आयलाई वैज्ञानिक वनाउने उल्लेख गरेको छ । पालिकाको विगत ३ वर्षको राजस्व लक्ष्य तथा असुली अवस्था देहायअनुसार रहेको छ । रु. हजारमा

| **आर्थिक वर्ष २०७९।०८०** | | **आर्थिक वर्ष २०८०।०८१** | | **आर्थिक वर्ष २०८१।०८२** | |
|---|---|---|---|---|---|
| लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली |
| ७६०२० | ६१७४९ | १८३८६० | ५९९६६ | २००७४० | ६९२६० |

उपरोक्तानुसार आर्थिक वर्ष २०७९।८० मा लक्ष्यको तुलनामा ८१.२२ प्रतिशत, २०८०।८१ मा ३२.६१ प्रतिशत र आर्थिक वर्ष २०८१।८२ मा ३४.५० प्रतिशत असुली भएको अवस्था छ । यो वर्षको राजस्व असुलीमा ३४.५० प्रतिशत मात्र प्रगति देखिंदा कार्यसम्पादन स्तर घटेको छ । वार्षिक वजेट तथा नीति कार्यक्रममा उल्लेख भएका विषयलाई सम्वोधन गरी वस्तुनिष्ठ राजस्व प्रक्षेपण तथा असुलीमा जोडदिनुपर्दछ ।

३१.५ **निरीक्षण नभएको :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठन छुट भए वा नभएको र राजश्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजश्व तथा हसवली राजश्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनुपर्नेमा सो अनुसार गरेको पाईएन । कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजश्व प्राप्ति भई कानुनी प्रकृया पूरा गरी समयमै दाखिला भएको पहिचान गर्ने गरी प्रकृयामा सुधार गर्नुपर्दछ ।

३१.६ **सम्पत्ति कर :** पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८१ को दफा २ अनुसुची १ वमोजिम सम्पत्तिकर लगाईने उल्लेख छ । यस वर्ष पालिकाभित्र सम्पत्ति कर तिर्ने करदाता के कति रहेको छन् विवरण प्राप्त हुन सकेन। पालिकाले रु १ करोड असुल गर्ने लक्ष्य राखेकोमा रु ८२ लाख ९० हजार असुली प्रतिशत ८२.९ रहेको छ । सम्पत्ति कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर सम्पत्ति करमा पालिकाले कर तिर्ने करदाताको म्यापिङ(Mapping) गरेको देखिएन । साथै कति करदाताले कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन । सम्पत्ति करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ ।

३१.७

**घरभाडा आम्दानी :** पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८१ को दफा ४ मा कुनै व्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा आदी भाडामा लगाएमा कर लगाईने उल्लेख छ। यस वर्ष सम्म पालिका भित्र के कति घरधनी दर्ता भएको छन एकीकृत लगत विवरण उपलव्ध हुन सकेन। घरभाडा वापत पालिकाले रु.१ करोड ८२ लाख असुल गर्ने लक्ष्य राखेकोमा रु.१ करोड ७५ लाख ४७ हजार असुली भएको छ।लक्ष्य अनुसार राजस्व असुल नभएकोमा घरवहाल कर स्थानीय तहको प्रमुख आर्थिक स्रोत हो तर घरवहाल करमा पालिकाले घरभाडा कर तिर्ने करदाताको Mapping गरेको देखिएन। साथै कति करदाताले घरभाडा कर दाखिला गरे नगरेको समेत एकिकृत लगत सिस्टमवाट देखिदैन।घरवहाल करलाई करको दायरामा ल्याई राजस्वको दायरा विस्तार गर्नुपर्दछ।

३१.८ **आन्तरिक र खर्च आयको विश्लेषण :** पालिकाको यस आर्थिक वर्षको आन्तरिक आय र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | ०८१।८२ | ६९२६०२४५ | १४१३२३२२९९ | ४.९० |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.१ अर्व ४१ करोड ३२ लाख ३२ हजार रहेको छ भने राजश्व संकलन ६ करोड ९२ लाख ६० हजार भएको छ। पालिकाको आन्तरिक आय कूल खर्चको ४.९० प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।

३१.९ **नक्सापास :** पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८१ को दफा १५ अनुसुची १३ वमोजिम नक्सापास दस्तुर लगाईने उल्लेख छ । यो वर्ष नक्सापासमा ४५ लाख असुल गर्ने लक्ष्य राखेकोमा ७० लाख ५७ हजार असुली भएको छ । हालसम्म के कति घरधनीहरुले नक्सापास गरेका छन र वाँकी कतिले दायरामा आएका छन् रेकर्ड नै नभएकोले विश्लेषण गर्न सकिएन ।करको दायरमा नआएका घरधनीहरुलाई दायरमा ल्याई साथै अभिलेखीकरण का लागि प्राप्त निवेदन उपर समयमै निर्णय गर्ने र घरधनीहरुलाई घर नक्सा अभिलेखीकरण गरी सम्पन्न प्रमाणपत्र जारी गर्नुपर्दछ ।

३१.१० **व्यवसायकर :** पालिकाले तर्जुमा गरेको आर्थिक ऐन,२०८१ को दफा ५ अनुसुची ४ को बुँदा नं १० मा नगरपालिकाले आफ्नो क्षेत्र भित्र वार्षिक रुपमा लगाउने व्यवसाय करलाई सहकारीको काम अनुसार बर्गिकरण गरी रु. ९०० देखि ३२५०० सम्म व्यवसाय कर निर्धारण गरिएकोमा पालिका भित्र व्यवसाय गरिरहेका १०३ सहकारीहरु रहेको विवरण पालिकाले उपलब्ध गराएको छ ।पालिकाले विवरण उपलब्ध गराए अनुसारका १०३ बाहेक अन्य सहकारी समेत सञ्चालनमा रहेको भएमा संख्या यकिन गरेर पालिकाले अधावधिक लगत राख्नु पर्दछ साथै व्यवसाय करमार्फत यसवर्ष १ करोड ४५ लाख राजस्व असुल गर्ने लक्ष्य राखेकोमा १ करोड २५ लाख १७ हजार असुली भएको छ। कम असुली हुनुको कारण पहिचान गरी राजस्वको दायरामा वढोत्तरी गर्नुपर्दछ।

३१.११ **पार्क प्रवेश शुल्क :** पालिकाको आर्थिक वर्ष २०८१।०८२ को विनियोजन ऐनको अनुसुची १४ को बुँदा नं ७ मा नगरपालिका क्षेत्र भित्रका पार्कहरुमा प्रवेश गर्दा प्रति व्यक्ति प्रति दिन रु.५ प्रवेश शुल्क लगाईने व्यवस्था गरेको छ । तर ५ वर्ष भन्दा मुनिका वालवालिकाहरुलाई शुल्क लाग्ने छैन भन्ने व्यवस्था भएकोमा पालिकाले कुनै पनि शुल्क संकलन गरेको देखिएन ।अत: पालिका क्षेत्र भित्र के कति पार्कहरु रहेका छन एकिन गरेर पारित विनियोजन ऐन बमोजिम शुल्क लिई आय वृद्धि गर्ने तर्फ पहल गर्नुपर्दछ ।

३१.१२ **सरसफाई शुल्क :** पालिकाको आर्थिक वर्ष २०८१।०८२ को विनियोजन ऐनको दफा १६ अनुसूचि १४ मा व्यबस्था भए बमोजिम पालिकाले सरसफाई शुल्क प्रति घर धुरी रु.१०० देखि १८००० लिनुपर्ने देखिएको साथै पालिकाले स्रोतमा नै फोहोर वर्गिकरण गर्नको लागि रु.३४,३२,३७५ को घर घरमा फोहर संकलन गर्ने बाल्टीन खरिद गरी यस आ.व. मा ८४५४ वटा वितरण गरेकोमा सरसफाई शुल्क बापतको रकम नियमानुसार संकलन गरेको देखिएन ।अत: पालिकाले फोहर संकलन सेवा उपलब्ध गराएसँगै घर तथा व्यबसायको प्रकृति अनुसार तोकीएको फोहरमैला व्यबस्थापन शुल्क र विलम्ब शुल्क सहितको राजस्व संकलन गर्नुपर्दछ ।

३१.१३ **दाखिला बाँकी अग्रीम कर :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **११,५५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

३२ **शिक्षा तर्फः**

बागलुङ नगरपालिका, बागलुङले यसवर्षको लागि शिक्षातर्फ संघीय सशर्त तथा नगरपालिका स्रोतबाट रु.५१ करोड १७ लाख ०४ हजार विनियोजन गरी रु.४६ करोड ६८ लाख ८३ हजार खर्च गरेको छ। पालिकाले शिक्षातर्फ गरेको समग्र खर्च सम्बन्धमा देखिएको केही मुख्य व्यहोराहरु यसप्रकार रहेका छन्।

३२.१ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ।

| **रु. हजारमा** | | | |
|---|---|---|---|
| **बजेट रु** | **खर्च रु** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत रु** |
| ५११७०४ | ४६६८८३ | ६९५८ | ६७.१ |

पालिकाको सामुदायिक विद्यालय तर्फको प्रति विद्यार्थी लागत रु.६७१००.० रहेको छ। पालिकाले शैक्षिक गुणस्तर वृद्धी गरी लागत अनुसारको प्रतिफल प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३२.२ **विद्यालयगत निकासा अभिलेखः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ मा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सूचक भिडान हुने गरी विद्यालयगत निकासा अभिलेख राखी निकासा नियन्त्रण गर्नु पर्दछ। पालिकाले आफ्नो क्षेत्रभित्रमा रहेको ८४ विद्यालयहरुको निकासा अभिलेख र प्रगति सूचक अद्यावधिक गरेर राखेको छैन। जसकारण विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ।

३२.३ **शिक्षकको अभिलेख व्यवस्थापनः** पालिकाले आफू अन्तर्गतका विद्यालयहरुमा नियुक्ति भएका, अवकास प्राप्त गरेका, सरुवा बढुवा भएका तथा राजिनामा दिएका स्थायी तथा करार सेवाका शिक्षकहरुको अभिलेख व्यवस्थित गरेको पाइएन। पालिकाले शिक्षकको अभिलेख व्यवस्थित चुस्त दुरुस्त राख्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३२.४ **विद्यार्थी संख्या सत्यापन नगरेकोः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ बमोजिम विद्यालयलाई प्रदान हुने विभिन्न अनुदान निकासा गर्नुपूर्व विद्यार्थी संख्या सत्यापन गरी यकिन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष विद्यार्थी संख्या सत्यापन गरी यकिन गरेको पाइएन। विद्यालयले EMIS प्रणालीमा अद्यावधिक गरेको तथ्याङ्क र विभिन्न अनुदानको लागि माग गरेको विवरणको आधारमा अनुदान निकासा गरेको पाइयो। विद्यार्थी संख्या सत्यापन नगरी अनुदान निकासा गरिएको हुँदा निकासा भएको अनुदान रकमको सही तथा यथार्थपरक उपयोग भएको सम्बन्धमा यकिन गर्न सकिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित विद्यार्थी संख्या सत्यापन गरी यकिन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३२.५ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्याथी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैंतालिस र चालिस हुनुपर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाबाट उपलब्ध विवरण अनुसार ८४ विद्यालयहरु सञ्चालनमा रहेकोमा शिक्षक दरबन्दी, बाल विकास र शिक्षण सहयोग अनुदान समेत स्थायी, राहात र करार गरी जम्मा ५८० जना कार्यरत रहेको देखियो भने कक्षा १ देखि कक्षा १२ कुल विद्यार्थी संख्या ६९५८ रही समग्रमा शिक्षक विद्यार्थी अनुपात १:११.९९ देखिन्छ। पालिकामा सबैभन्दा बढी ६४८ विद्यार्थी रहेको त्रिभुवन मा.वि. मा

शिक्षक विद्यार्थी अनुपात १:३०.८६ रहेको छ भने सबैभन्दा कम ७ विद्यार्थी रहेको सरस्वति प्रा.वि. मा शिक्षक विद्यार्थी अनुपात १:७ रहेको छ। पालिकाले सत्यापन समेत नगरी विद्यार्थीको विवरण राखेकाले उपलब्ध विवरण सत्यपरक रहे नरहेको यकिन गर्न सकिएन। पालिकाले शिक्षा नियमावलीमा भएको उल्लेखित व्यवस्थासँग तादम्यता कायम हुने गरी आवश्यक कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ। विद्यार्थी शिक्षक अनुपात सम्बन्धी विवरण अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३२.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३२.६ **दिवा खाजाः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ अनुसार EMIS र सत्यापनमा भएको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु.१५.० का दरले वर्षमा १८० दिन बराबरको रकम सम्बन्धित विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था छ। साथै पालिकाले आन्तरिक श्रोतबाट प्रतिविद्यार्थी रु.१०.० थप दिवा खाजा बापतको रकम विद्यालयलाई निकासा गरेको पाइयो। पालिकाले दिवा खाजा कार्यक्रमको लागि यस वर्ष विभिन्न भौचरबाट ७९ विद्यालयका विद्यार्थीहरुका लागि संघीय सशर्त अनुदानबाट रु.८७५४६००.० र पालिकाको आन्तरिक श्रोतबाट रु.३७६१८०७.० गरी जम्मा रु.१२५१६४०७.० निकासा गरेको देखिन्छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले आवश्यक अनुगमन गरी वास्तविक विद्यार्थी संख्या यकिन गर्नुपर्नेमा नगरेकोले खर्च भएको रकम यथार्थपरक रहे नरहेको यकिन गर्न सकिएन। पालिकाले विद्यालयहरुलाई दिवा खाजा निकासा दिदा वास्तविक विद्यार्थी संख्या यकिन गरेर मात्र निकासा दिने तर्फ ध्यान दिनुपर्दछ।

३२.७ **संस्थागत विद्यालयले निशुल्क शिक्षा प्रदान गर्नुपर्नेः** अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयहरुले प्रारम्भिक बालविकास कक्षादेखि बाह्र कक्षा सम्मका कुल विद्यार्थी संख्या अनुसार पाँच सय जनासम्म, पाँच सयदेखि आठ सय जनासम्म र आठ सय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयहरुले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यर्थीलाई निःशुक शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाभित्र २१ संस्थागत विद्यालयहरु सञ्चालनमा रहेको भएता पनि निशुल्क शिक्षा प्रदान गरेको अभिलेख पाइएन। पालिकाले उल्लिखित व्यवस्था अनुसार संस्थागत विद्यालयहरुमा निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गराउने तर्फ ध्यान दिनुपर्दछ।

३२.८ **प्राविधिक धारका विद्यार्थीलाई दिइने अनुदानबाट खर्चः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सकाई सामाग्री तथा डिजिटल सकाई सामाग्री व्यवस्थाको लागि अनुदान सम्बन्धी व्यवस्था रहेको छ। साथै उपक्रियाकलाप २.६ मा प्राविधिक धार सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान दिने र त्यस्तो अनुदान रकम विद्यायले खर्च गर्नसक्ने क्षेत्रहरुको बारेमा स्पष्ट व्यवस्था रहेको छ। पालिकाले यसवर्ष भौचर नं. ३९९-२०८२।३।१९ बाट प्राविधिक धार सञ्चालन गर्ने श्री धवलागिरी बहिरा आवसीय माध्यमिक विद्यालयलाई ६२ विद्यार्थीको लागि रु.९३००००.० तथा धवलागिरी वीरेन्द्र माध्यमिक विद्यालयलाई ६३ विद्यालयको लागि रु.९४५०००.० गरी जम्मा रु.१८७५०००.० अनुदान निकासा गरेको पाइयो। कार्यविधिमा OJT गर्ने विद्यार्थी संख्या, प्रगति प्रतिवेदन, विद्यालयको भरेको शैक्षिक तथ्याङ्क लगायतलाई कार्यक्रमको प्रगति सूचकको रुपमा निर्धारण गरिएको छ। पालिकाले उल्लिखित बमोजिमको विवरणहरु नराखेको हुँदा अनुदान रकम कार्यविधिमा तोकिए बमोजिमको क्षेत्रमा खर्च भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले सम्बन्धित विद्यालयबाट खर्च विवरण प्राप्त गरी सोको प्रमाण पेश गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,७५,००० |

३२.९ **शैक्षिक गुणस्तरः** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका अन्तर्गतका विद्यालयहरुको २०८१ को एस.ई.ई परीक्षामा ८५० जना विद्यार्थी सहभागी भएकोमा ८४७ जना उत्तीर्ण भएको देखिन्छ। नतिजाका विवरण निम्नानुसार रहेको छ:

| SEE-२०८१ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | जिपिए | विद्यार्थी | विद्यालय | | प्रतिशत | |
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१-४.०० | ३०३ | २२५ | ७८ | ७४.२५ | २५.७५ |
| २ | ३.२१-३.६० | ३०२ | १३४ | १६८ | ४४.३७ | ५५.६३ |
| ३ | २.८१-३.२० | १८७ | १४ | १७३ | ७.४९ | ९२.५१ |
| ४ | २.४१-२.८० | ५० | ० | ५० | ० | १०० |
| ५ | २.००-२.४० | ५ | ० | ५ | ० | १०० |
| | पास | ८४७ | ३७३ | ४७४ | ४४.०३ | ५५.९७ |
| ६ | NG | ३ | ० | ३ | ० | १०० |
| | **जम्मा** | ८५० | ३७३ | ४७७ | | |

पालिका अन्तर्गतका विद्यालयहरुबाट SEE परीक्षामा सहभागी विद्यार्थीहरुमध्ये ३०३ जनाले ३.६१-४.०० जिपिए प्राप्त गर्दा ७४.२५ प्रतिशत संस्थागत विद्यालय तथा २५.७५ प्रतिशत सामुदायिक विद्यालयका विद्यार्थीहरु रहेको देखिन्छ भने ३ जना अनुत्तिर्ण रहँदा सबै सामुदायिक विद्यालयका विद्यार्थीहरु रहेको देखिन्छ। उल्लिखित तथ्याङ्क विश्लेषण गर्दा सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धि गर्न पालिकाले अझ ध्यान दिनुपर्ने देखिन्छ।

३२.१० **शिक्षक, कर्मचारीको तलब भत्ता माग फारामः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को क्रियाकलाप १.१.३.३ र १.१.३.४ मा पालिकाले विद्यालयबाट मासिक रूपमा माग फाराम रूजु गरी स्वीकृत दरबन्दी तथा अनुदानका शिक्षकका लागि तलबभत्ता अनदुान मासिक रूपमा उपलब्ध गराउने गरी विद्यालयमा अनुदान निकासा उपलत्ध्र गराउने। राष्ट्रिय किताबखाना (शिक्षक) बाट तोकिएको ढाँचामा तयार पारिएको स्थायी शिक्षकको तलब भत्ता ग्रेड सहितका तलबी प्रतिवेदन राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित गराई सो आधार र विद्यालयको माग फाराम बिच भिडान गराई अनुदान निकासा दिने व्यवस्था रहेको छ। पालिकाले भौचर नं. २७-२०८१।०६।१४ बाट विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारी, बाल विकास सहजकर्ता समेतको प्रथम त्रैमासिकको तलब, भत्ता र चाडवाड खर्च समेत गरी रु.११,३६,४९,९६४.० निकासा गरेको पाइयो। पालिकामा प्रथम त्रैमासिकको तलब, भत्ता तथा चाडवाड खर्च माग सम्बन्धी विद्यालयबाट प्राप्त भएको माग फाराम उपलब्ध रहेको पाइएन। शिक्षा शाखाको कार्यकक्ष परिवर्तन गर्ने समयमा कागजात हराएको हुनसक्ने पालिकाको भनाई रहेको छ। महत्वपूर्ण कागजातहरु हराएको भन्ने पालिकाको भनाईलाई उपयुक्त मान्न सकिएन साथै सो भौचरबाट भएको निकासाको यथार्थता यकिन गर्न सकिएन। आगामी दिनमा पालिकाले प्रभावकारी रुपमा अभिलेख संरक्षित गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३२.११ **ICT अनुदानः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा विज्ञान प्रयोगशाला, विद्यालय भवन निर्माण, प्रोत्साहन अनुदान र एकमुष्ट अनुदान लगायतका कार्य गर्न विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ। पालिकाले यसवर्ष देहाय बमोजिमको विद्यालयहरुमा ICT अनुदान प्रदान गरेको छ। विद्यालयले प्राप्त रकमबाट खरिद गरेको मालसामानहरुको गुणस्तर, उपयोगको स्थिति, मालसामान दाखिला लगायतको कार्यको अनुगमन गरी खर्च यथार्थपरक भए नभएको विश्वस्त हुनुपर्ने देखिन्छ।

| भौचर नं./मिति | विद्यालयको नाम | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|
| ४२२-२०८२।३।२२ | बालप्रभा मा.वि. | ६५०००००.० | |
| ४२९-२०८२।३।२२ | कृष्ण आ.वि. | ६५०००००.० | |
| ४३०-२०८२।३।२२ | रुद्रेपिपल मा.वि. | ६५०००००.० | |
| ४४०-२०८२।३।२३ | बोडाईचौर मा.वि. | ६५०००००.० | |
| | **जम्मा** | **२६००००००.०** | |

३२.१२ **स्यानिटरी प्याडः** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.२३ को बुँदा नं. ४ मा स्थानीय तहले विद्यालयमा सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था यकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गरी वितरण गर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष भौचर नं. ४७६-२०८२।३।२३ मा सेनिटरी प्याड खरिद गर्नको लागि विद्यालयहरुलाई नै रु.१६५४६२०.० अनुदान उपलब्ध गराएको पाइयो। कार्यविधिमा भएको व्यवस्था अनुसार पालिकाले नै विद्यालयहरुको विगतको सेनिटरी प्याडको मौज्दात यकिन गरी आवश्यक खरिद गरी वितरण गर्नुपर्नेमा सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुँदा नं. २०(६) बमोजिम वैकल्पिक अवस्थाको लागि गरिएको व्यवस्थाको प्रयोग गरी विद्यालयहरुलाई अनुदान निकासा गरेको पाइयो। विद्यालयहरुलाई अनुदान निकासा गर्नुपूर्व पालिकाले खरिद सम्बन्धी कुनै पनि कार्य नै नगरी वैकल्पिक अवस्थाको लागि गरिएको व्यवस्थाको प्रयोग गरी अनुदान निकासा गर्ने कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ।

३२.१३ **विद्यामन्दिर मा.वि. मा विज्ञान विषय प्रवर्द्धन कार्यक्रमः** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को बुँदा २.३.९ को ९.५ (ख) मा शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय बाहेक विषय सञ्चालित नमुना विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय १० लाख, १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय १५ लाख र २५०० भन्दा बढी विद्यार्थी भए प्रति विद्यालय २० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने व्यवस्था रहेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित शिक्षा सम्बन्धी गतिविधि-९३ (पूर्णाङ्क ३००) अनुसार विद्यामन्दिर मा.वि., बागलुङ न.पा. विज्ञान विषय प्रवर्द्धनको लागि छनौट भएको व्यहोरा उल्लेख छ भने यसरी छनौट भएका विद्यालयहरुको लागि कार्यविधिमा भएको उल्लिखित व्यवस्था बमोजिम कार्यक्रम कार्यान्वियन गर्न वित्तीय हस्तान्तरण मार्फत बजेट व्यवस्था भएको उल्लेख छ। विद्यालयले भरेको EMIS तथ्याङ्कमा शैक्षिक सत्र २०८१ मा बालविकास कक्षादेखि १२ कक्षासम्म जम्मा विद्यार्थी ५४२ जना रहेको देखिन्छ। कार्यविधिमा भएको व्यवस्था बमोजिम विद्यालयले रु.१० लाख अनुदान प्राप्त गर्नुपर्ने भएता पनि पालिकाबाट विद्यालयसँग सम्झौता गरी भौचर नं. १९२-२०८१।१२।६ बाट पेश्की बापत रु.१४८५०००.० र बाँकी रकम बापत भौचर नं. ४३६-२०८२।३।२३ बाट रु.३०१५०००.० विद्यालयलाई निकासा गरेको देखियो। कार्यविधिमा व्यवस्था भएभन्दा रु.३५०००००.० बढी अनुदान उपलब्ध गराइएको कार्यलाई नियमानुसार भएको मान्न सकिएन। कार्यविधिमा भएको व्यवस्थाको पूर्ण पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ३५,००,००० |

३२.१४ **निशुल्क पाठ्यपुस्तकः** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको अनदुान दिँदा पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्याथी संख्याको ७५ प्रतिशत संख्यालाई हिसाब गरी अनुदान दिने। शैक्षिक सत्रमा भएको नँया विद्याथी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपगु हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था गर्ने। सुरुको ७५% निकासा रकम बचत हुन आएमा विद्यालयमा निकासा हुने अन्य शीर्षकको रकमबाट कटाई स्थानीय तहले हिसाब मिलान गर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष भौचर नं. २३१-२०८२।१।१० मा निशुल्क पाठ्यपुस्तक अनुदान बापत देहाय बमोजिम विद्यालयलाई निकासा भएको अनुदान बराबरको पाठ्यपुस्तक खरिद तथा वितरण विवरण

गरेको प्रमाण पेश हुन नआएको हुँदा विद्यालयहरुलाई प्राप्त भएको अनुदानको प्रगति यकिन गर्न सकिएन। उल्लिखित बमोजिम अनुदानको कार्यविधिमा भएको व्यवस्था भए बमोजिमको प्रमाण पेश हुनुपर्दछ अन्यथा असुल गर्नुपर्दछ। यस सम्बन्धी विस्तृत तालिका अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३२.१४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,३१,३३६ |

३२.१५ **शिक्षक मेन्टरिङ्ग कार्यक्रमः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.३०२ को उपक्रियाकलाप नं. १५.३(ग) मा शिक्षक मेन्टरिङको सघन कार्यक्रमका लागि छनोट भएका यस कार्यविधिको अनुसचूी११ मा उल्लिखित स्थानीय तहले सूचिकृत रोस्टरहरू मध्येबाट १ जनालाई मेन्टरका रूपमा कार्य गर्ने गरी जिम्मेवारी तोकी परिचालन गर्ने। शिक्षक मेन्टरिङ कार्यविधिमा उल्लेख भए बमोजिम कार्य गर्न लगाउने। यस कार्यको प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रको शिक्षक तालिम शाखामा नियमित रूपमा पठाउने व्यवस्था रहेको छ भने १५.३(च)१. मा उल्लिखित उपशीर्षकमा विनियोजित बजेटबाट प्रतिमेन्टर अधिकतम रु.५००००.० स्थानीय तहबाट भुक्तानी दिने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष ७ जनालाई मेन्टर शिक्षकको रुपमा नियुक्त गरी भौचर नं.४३८-२०८२।३।२३ बाट प्रतिमेन्टर रु.४८४५०.० दरले रु.३३९१५०.० भुक्तानी गरेको पाइयो। कार्यविधिमा भएको व्यवस्था बमोजिम १ मेन्टर नियुक्त गरी खर्च लेख्नुपर्नेमा ७ मेन्टर नियुक्त गरी खर्च गरेको देखियो। आफ्नै विद्यालयमा नियुक्त भएका शिक्षकलाई मेन्टरिङ्ग गर्न सोही विद्यालयका प्रध्यानाध्यापक समेतलाई मेन्टर नियुक्त गरी पारिश्रमिक भुक्तानी गरेको देखियो। कार्यविधिमा निर्दिष्ट भएभन्दा थप ६ मेन्टर नियुक्त गर्दा रु.२९०७००.० बढी भुक्तानी हुन गएको कार्यलाई नियमानुसार भएको मान्न सकिएन। पालिकाले कार्यविधिमा भए बमोजिम व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | २,९०,७०० |

३२.१६ **गैह्रआवसीय छात्रवृत्तिः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले भौचर नं. ३९५-२०८२।३।१८ बाट देहायका ६७ विद्यालयका विद्यार्थीहरुलाई रु.८४२०००.० छात्रवृत्ति अनुदान निकासा गरेको देखिन्छ। कार्यविधिमा भएको व्यवस्था बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी सहितको विवरण तथा भरपाई लगायत प्रमाण पालिकामा पेश भएको पाइएन। पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम नामनामेसी सहितको विवरण तथा भरपाईको प्रमाण पेश गर्नुपर्दछ अन्यथा असुल गर्नुपर्दछ। यस सम्बन्धी विस्तृत तालिका अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३२.१६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,४२,००० |

३२.१७ **आवसीय विद्यार्थीलाई अनुदानः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२.१८ **सामाजिक तथा आर्थिक लेखापरीक्षण अनुदानः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित विद्यालयहरुलाई सामाजिक तथा आर्थिक लेखापरीक्षण शीर्षकमा एकमुष्ट अनुदान निकासा दिने तथा विद्यालयले स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले भौचर नं. १७१-२०८१।१२।१ मा देहाय ७१ विद्यालयहरुलाई विद्यालय सुधार योजना तथा सामाजिक, आर्थिक लेखापरीक्षण बापत रु.२०२००००.० निकासा गरी खर्च लेखेकोमा स्थानीय तहको अन्तिम लेखापरीक्षण गर्ने

अवधिसम्म विद्यालयहरुले प्रतिवेदन पेश गरेको पाइएन। विद्यायलयहरुको सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदनको प्रमाण पेश हुनुपर्दछ अन्यथा असुल गर्नुपर्दछ। यस सम्बन्धी विस्तृत तालिका अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३२.१८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,२०,००० |

३२.१९ **शिक्षकको तलब भत्ता बढी निकासाः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप १.१.३.३ र १.१.३.४ मा स्वीकृत दरबन्दी तथा अनुदानका शिक्षकका लागि तलबभत्ता अनदुान उपलब्ध गराउने गरी विद्यालयमा अनुदान निकासा उपलत्र्ध गराउने व्यवस्था रहेको छ। पालिकाले विभिन्न भौचरबाट यसवर्ष शिक्षक तथा विद्यालयहरुको तलब भत्ता निकासाको नमुना परीक्षण गर्दा देहाय विद्यालयलाई बढी निकासा भएको देखिएकोले सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्दछ।

| क्र.स. | विद्यालयको नाम | बढी निकासा रु | कैफियत |
|---|---|---|---|
| १ | धवलागिरी बहिरा मा.वि. | ३२८८७.० | प्रा.वि. शिक्षक एक जनाको तलबी प्रतिवेदनमा ६ ग्रेड भएता पनि ८ ग्रेड गणना गरी निकासा भएको |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **५९,३१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,८८७ |

३३ **स्वास्थ्य तर्फः**

बागलुङ नगरपालिका, बाग्लुङले यसवर्ष स्वास्थ्य क्षेबतर्फ रु.८ करोड ६२ लाख ८४ हजार बजेट विनियोजन गरी रु.७ करोड ६९ लाख ४३ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसारको रहेका छन्।

३३.१ **औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले बीस लाख रुपैंयाभन्दा बणी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्नेछ भन्ने व्यवस्था रहर्को छ। उपभोक्तालाई सहज सेवा, औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वियन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ जारी गरेको छ। यसवर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि, सर्जिकल सामाग्री तथा ल्याब सामाग्री खरिदमा देहाय बमोजिम खर्च गरेको पाइयो।

| खरिदविवरण | खरिदविधि | आपूर्तिकर्ताको नाम | लागतअनुमान रकम | सम्झौतारकम | भुक्तानीरकम |
|---|---|---|---|---|---|
| **औषधी एवम सर्जिकल** | इ विडिङ | चिराग फार्मेसि प्रा.लि. | २४२६८९८.० | १५०४७७८.० | १५०४७७८.० |
| **औषधी एवंम सर्जिकल** | कोटेसन मार्फत इ विडिङ भएकै मुल्यमा | हिता नुतन मेडिको फर्मा बागलुङ | ५९३७५५.५५ | ५९३७५५.५५ | ५९३७५५.५५ |
| **ल्याब** | कोटेसन | अन्नपुण सर्जिकल सप्लायर्स | ५००००.० | ४८३५८.० | ४८३५८.० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बोलपत्र विधि मार्फत रु.१५०४७७८.० को विभिन्न औषधिहरु खरिद गरेको तथा सोही मूल्यमा कोटेशन मार्फत रु.५९३७५५.५५ को खरिद गरेको जनाएको छ। उपलब्ध बजेट, आवश्यकता समेतलाई विश्लेषण गरी प्याकेज बनाई एकैपटकमा खरिद गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३३.२ **औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापनः** औषधिजन्य मालसामान खरिद तथा आपुर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ को परिच्छेद २ मा आपुर्ति व्यवस्थापन सम्वन्धी व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेशपुर्ण उपयोग लगायत विषय समावेश रहेको छ। पालिकाको स्वास्थ्य माहाशाखामा रहेको जिन्सी अभिलेख अनुसार ६ आइटमको मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ।

| क्र.स. | औषधिको नाम | 2080/81 | | | | 2081/82 | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अ.ल्या. | आम्दानी | खर्च | बाँकी | अ.ल्या. | आम्दानी | खर्च | बाँकी |
| १ | Amoxycilline 500 mg | ७३०० | ३३००० | ३९८०० | ५०० | ५०० | ८९००० | ८६७०० | २८०० |
| २ | Paracetamol | १६८५०० | ९१००० | २४४५०० | १५००० | १५००० | २९८२०० | २७२६०० | ११९०० |
| ३ | Cetirizine 10 mg | २४८०० | ४३२०० | ६७९५० | ५० | ५० | १४०७५० | १२९३६० | ११४४० |
| ४ | Ranitidine 150 mg | १३२०० | ११६००० | १२११५० | ८००० | ८००० | २३४५०० | २३१४०० | ११९०० |
| ५ | Cefexime 200 mg | ६०० | १२२०० | ६००० | ६८०० | ६८०० | १७५०० | २२००० | २३०० |
| ६ | Vitamin B complex | ४७५०० | ६७००० | १०३००० | ११५०० | ११५०० | ८५४०० | ९२८९० | ४०१० |

Cap Amoxicillin 500 mg औषधि आर्थिक वर्ष २०८०।८१ मा ३९८०० क्याप्सुल मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०८१।८२ मा ८६७०० क्यापसुल हस्तान्तरण भई २ गुणाभन्दा बढि वितरण भएको छ। त्यस्तै Ranitidine 150 mg को समेत करिब सोही अनुपातमा वृद्धि भएको छ। Vitamin B complex भने घटदो रुपमा वितरण भएको छ। विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणालीको प्रयोग पूर्ण रुपमा लागु नभएकोले पालिकाको स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने अवस्था रहेको छैन। सहजीकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपूर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ। साथै औषधिमा उत्पादन मिति, म्याद समाप्त मिति, ब्याच नं, उत्पादन कम्पनी, नेपालीमा निशुल्क वितरणका लागि मात्र भनेर उल्लेख गरी अनिवार्य रुपमा स्टोर दाखिला हुनुपर्ने देखिन्छ।

३३.३ **न्यानो झोला कार्यक्रमः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका विभिन्न बर्थिङ सेन्टरमा गत वर्ष २९३ थान र यस वर्ष १०५ थान खरिद गरेकोमा यसवर्ष ३५६ थान खर्च भई ४२ थान मौज्दात रहेको पालिकाको अभिलेखबाट देखिन्छ। माग र आवश्यकताको वस्तुनिष्ठ आंकलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

३३.४ **ब्याच नं, उत्पादन मिति, म्याद समाप्त मिति र निशुल्क वितरणको छाप बिना औषधी खरिदः** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। नमुना छनौटका आधारमा गरिएको परीक्षणमा केही खरिदमा ब्याच नं, उत्पादन मिति र अवधि उल्लेख नभएको, निशुल्क वितरण गर्ने भन्ने छाप नलगाईएको देखिन्छ। तोकिएको प्रकृया नपुर्याई व्याच नं, उत्पादन मिति, अवधि उल्लेख नभएको, निशुल्क वितरण समेत नखुलाई खरिद गरिएको औषधि खरिद नियमसम्मत मान्न नसकिएको र औषधि एकमुष्ठ पुर्ण रुपमा बोलपत्र मार्फत गर्नुपर्नेमा आंशिक मात्र बोलपत्र गरेको कार्यलाई नियमसम्मत् मान्न सकिएन। पालिकाले औषधि खरिद पूर्ण रुपमा खुला बोलपत्र गर्ने व्यवस्था गर्नुपर्दछ।

३३.५ **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३३.६ **प्रमाण पेश गर्नुपर्नेः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३४ **कृषि तथा पशु सेवा कार्यक्रम तर्फः**

बागलुङ नगरपालिकाले यसवर्ष कृषि तथा पशुसेवा कार्यक्रम तर्फ रु.२ करोड ५ लाख ८६ हजार विनियोजन गरेकोमा रु.१ करोड ३१ लाख ८६ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएको बेहोराहरु देहाय अनुसार रहेका छन्।

३४.१ **पकेट विकास कार्यक्रमः** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वियन म्यानुअल, २०७७ को ४.१ मा साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था रहेको छ। पालिकाले यसवर्ष नयाँ सुन्तलाजात र ओखर पकेट विकास कार्यक्रमको लागि रु.२४०००००.० विनियोजन गरी रु. २०७४०००.० खर्च गरेको छ। यस कार्यक्रमबाट ४८ कृषक परिवार लाभान्वित भएका छन्। पालिकाले विगतका वर्षहरुमा विभिन्न कार्यक्रमहरु मार्फत लाभ प्राप्त गरेका लाभग्राहीहरुको अभिलेख नराखेको साथै लाभग्राही छनौट गर्दा स्पष्ट मापदण्डका आधारमा नगरेको कारण अघिल्ला आर्थिक वर्षहरुमा अनुदान पाएका लाभग्राही दोहोरिन गए नगएको यकिन गर्न सकिएन। पालिकाले लाभग्राही छनौट कार्ययोजना, लाभग्राही छनौटको आधार, गत वर्षहरुमा अनुदान पाउनेहरुको अभिलेख व्यवस्थित गर्नु पर्ने देखिन्छ। कार्यक्रम कार्यान्वियन म्यानुअल प्रभावकारी कार्यान्वियन गर्दै नयाँ सुन्तलाजात र ओखर पकेट कार्यक्रम सफल बनाउन पालिकाले ध्यान दिनुपर्दछ।

३४.२ **उच्च मूल्यमा ओखरको विरुवा खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(ख) मा मालसामानको लागत अनुमान तयार पार्दा स्थानीय बजारमा प्रचलित दरभाउ समेतलाई आधार लिनुपर्ने व्यवस्था रहेको छ। बागलुङ जिल्ला दररेट, २०८१।८२ को क्र.स. ६ को उप-क्र.स. ७५ र ७७ मा ओखर(कलमी) प्रति गोटा रु.१२०.० मूल्य निर्धारण गरिएको भएता पनि पालिकाले यसवर्ष भौचर नं. २६५-२०८२।१।३१ बाट नँया ओखर पकेट विकास कार्यक्रमको लागि हरेन्द्र फलफूल नर्सरी बागबानी फर्म, रौतहटसँग प्रतिगोटा रु.३२०.० मा १४११ विरुवा खरिद गरी रु.४५१५२०.० को ५० प्रतिशत बापत रु.२२५७६०.० खर्च लेखेको पाइयो। जिल्ला दररेटभन्दा बढी प्रतिगोटा रु.२००.० को दरले रु.२८२२००.० को ५० प्रतिशत अनुदान बापत खर्च लेखिएको रु.१४११००.० लाई नियमानुसार भएको मान्न सकिएन। जिल्ला दररेट बमोजिमको मूल्यमा सामाग्रीहरु खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | १,४१,१०० |

३४.३ **उच्च मूल्यमा सुन्तलाको विरुवा खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(ख) मा मालसामानको लागत अनुमान तयार पार्दा स्थानीय बजारमा प्रचलित दरभाउ समेतलाई आधार लिनुपर्ने व्यवस्था रहेको छ। बागलुङ जिल्ला दररेट, २०८१।८२ को क्र.स. ६ को उप-क्र.स. ५७ मा सुन्तला(बिजु पोली पटमा हुर्काएको) प्रति गोटा रु.५०.० मूल्य निर्धारण गरिएको भएता पनि स्क्रिनघर भित्र पोलीब्यागमा उत्पादित विरुवालाई पालिकाले यसवर्ष भौचर नं. ३२१-२०८२।२।२७ बाट नँया सुन्तलाजात पकेट विकास कार्यक्रमको लागि पाल्पा बागबानी तथा बहुउद्धेश्यीय कृषि विकास केन्द्र, पाल्पासँग प्रतिगोटा रु.१९०.० मा ३८९४ विरुवा खरिद गरी रु.७३९८६०.० को ५० प्रतिशत बापत रु.३६९९३०.० खर्च लेखेको पाइयो। जिल्ला दररेटभन्दा बढी प्रतिगोटा रु.१४०.० को दरले रु.५४५१६०.० को ५० प्रतिशत अनुदान बापत खर्च लेखिएको रु.२७२५८०.० लाई नियमानुसार भएको मान्न सकिएन। जिल्ला दररेट बमोजिमको मूल्यमा सामाग्रीहरु खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | २,७२,५८० |

३४.४ **मूल्य अभिवृद्धि करकट्टी नभएकोः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने कर रकमको तिस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा जम्मा गरिदिनु पर्ने व्यवस्था रहेको छ। पालिकाले भौचर नं. १२७१-२०८२।३।१६ बाट प्लाष्टिक टनेल निर्माणको लागि कृषक एग्रो सप्लायर्ससँग बिल नं. १८०, मिति २०८२।२।२२ बाट रु.५८८००२.२८ को सामाग्रीहरु खरिद गरी सोको भुक्तानी गर्दा नियमानुसारको करकट्टी नगरी पूरा भुक्तानी भएकोले कट्टी गर्नुपर्ने रु.२०२९३.० को कर समायोजन प्रमाण पेश हुनुपर्दछ अन्यथा असुल गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,२९३ |

३५ **Heifer Project Nepal मार्फत कार्यः**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्न कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशीलता साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका बीच रु.३५८२७१४३.० को लागत साझेदारीमा मिति २०८३।०२।०१ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८०।०९।२६ मा सम्झौता भएको पाइयो। सम्झौता अनुसार कुल लागत मध्ये पालिकाले ७० प्रतिशतले हुने रकम रु.२३००००००.० र बाँकी ३० प्रतिशतले हुने रकम रु.९८५७१४३.० हेफर प्रोजेक्ट नेपालले बेहोर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष हेफर प्रोजेक्ट नेपाललाई भौचर नं. १०९७-२०८२।२।२१ र १५७४-२०८२।३।२५ बाट गरी जम्मा रु.४२८६०३६.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन् ।

३५.१ **नियमित कार्यको लागि परामर्शदाताः** पालिकाले सम्पादन गर्ने नियमित प्रकृतिका कार्यहरु जस्तैः बाख्रा वितरण, खोर सुधार, घाँसको बिउ वितरण तथा सचेतना सम्बन्धी तालिम कार्यक्रमहरुलाई व्यवस्थापन गर्न दरबन्दी अनुसार कृषि तथा पशु प्राविधिक कार्यरत रहेको, कृषि तथा पशु सेवामा योगदान पुर्याउन एक पालिका एक प्राविधिकको छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु पालिकाले आफै सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३५.२ **परियोजनाको प्रगति प्रतिवेदनः** सम्झौताको बुँदा नं. ८.५ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसबाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर प्रोजेक्ट संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रमबाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन। उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ। यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकासको वास्तविक अवस्था यकिन गरेको छैन भने कार्यक्रम सञ्चालन पश्चात् कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन। वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आश्वस्त हुन सकिएन।

३५.३ **कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः** पालिका र हेफर प्रोजेक्ट नेपाल बीच भएको सम्झौताको बुँदा नं. ९ अनुसार सञ्चालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि, २०८० बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकाबाट स्थलगत अनुगमन सहित कमी कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन। सम्झौतामा भएको व्यवस्था बमोजिम नियमित अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रमलाई समयानुकूल सुधार गर्दै यसको प्रभावकारिता अभिवृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३५.४ **साझेदारिता मार्फत सञ्चालन भएका कार्यक्रमहरुः** पालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारी सम्झौता बमोजिम यसवर्ष पालिका तर्फको लागत रहने गरी उन्नत जातका बाख्रा वितरण, बाख्रा खोर निर्माण, उन्नत जातका घाँसका बीउ वितरण, मिनिटिलर हलो वितरण जस्ता कार्यहरु सम्पन्न भएको र उक्त कार्यक्रममा रु.४२८६०३६.० खर्च भएको विवरण प्रोजेक्टले पालिकामा पेश गरेको पाइयो। यस्ता कार्यहरु सञ्चालन गर्दा पालिकाबाट सञ्चालन गरिएको उस्तै प्रकृतिका कार्यक्रमहरुबाट लाभ प्राप्त गरेका लाभग्राहीहरु नदोहोरिने गरी सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३५.५ **बिल विजक जारी गर्नुपर्नेः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार वस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष हेफर प्रोजेक्ट नेपाललाई विभिन्न भौचरबाट रु.४२८६०३६.० भुक्तानी गरेको भएता पनि हेफर प्रोजेक्ट नेपालले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन र पालिकाले समेत बिल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो। अत: कानून अनुसार बिल विजक जारी गर्नुपर्दछ।

३६ **गरिबी निवारणको लागि लघुउद्यम कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारण निर्देशिका,२०७७ पालना गर्नुपर्ने व्यवस्था छ। पालिकाले गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि यस वर्ष रु. २३०००००/- विनियोज भएकोमा रु. १६१६७२६/- खर्च भएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

३६.१ **प्रविधि हस्तान्तरण:** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१(३) मा दफा ४० बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिसको आधारमा कुल रकममा कार्यालयले आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहायबमोजिमका लघु उद्यमी समूहहरुलाई रु. ७९९४४२ मा विभिन्न सामानहरु खरिद गरी हस्तान्तरण गर्दा २० प्रतिशतले हुन आउने रु. १५९८८८ योगदान गराएको पाइयो।उपलब्ध प्रविधिलाई उच्चतम सदुपयोग गर्दै निरन्तर प्रतिफलमुखी सञ्चालनको सुनिश्चितता तर्फ पालिकाले विशेष ध्यान दिनु पर्दछ।

| क्र.सं. | समूहको नाम | उपकरणको नाम |
|---|---|---|
| १ | आरण लघु उद्यमी समूह | ओल्डिङ मेशिन, पंखा, घन, कटर मेशिन |
| २ | टेलरिङ महिला समूह | जुकी सिलाई मेशिन |
| ३ | मगर महिला लघु उघमी समूह | तौल मेशिन, बेलसीलर मेशिन |
| ४ | महिला समूह | दुनाटपरी मेशिन |
| ५ | ढाका लघु उद्यमी समूह | जुकी सिलाई मेशिन |

३६.२ **तालिममा उत्पादित सामाग्रीको बिक्रि वितरण:** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुढा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्रि गर्न तथा यसरी बिक्रि हुन नसकेमा सम्भव भएसम्म बिक्रि वितरण तथा वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्रि केन्द्र वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्रि नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्रि पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजश्व खातामा दाखिला गर्नुपर्ने

व्यवस्था रहेको छ।नगरपालिकाबाट सञ्चालित उद्यमशिलता सीप विकास तालिम अन्तर्गत अचार बनाउने तालिम, बाँसको सामाग्री बनाउने, आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स होजियारी बुनाई २ लेवलको तालिम विभिन्न उद्यमीहरुलाई प्रदान गरेका छन्। आगामी दिनहरुमा पालिकाबाट सञ्चालिन हुने यस्ता तालिम कार्यक्रमहरुबाट उत्पादन हुने सामान तथा वस्तुहरुको अभिलेख राख्ने व्यवस्था मिलाइनु पर्दछ।

३६.३ **कार्यक्रम बाँडफाँट-** गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसूची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका अनुसार नै बजेट बाँडफाँट गरेको भएतापनि कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची ३ ले तोकेको ढाँचामा कार्यक्रम सञ्चालन गरेको छैन। निर्देशिकाले लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, प्राविधिक सीप विकास तालिम, प्रविधि हस्तान्तरण, लघु वित्तमा पहुँच तथा बजारीकरण सेवा लगायतका विविध विषयहरु क्रमश: सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले बजेट व्यवस्थापन गरेतापनि लघु वित्तमा पहुँच तथा बजारीकरण सेवा गरी दुई शीर्षकमा विनियोजन नगरी कार्यक्रम सञ्चालन गरेको देखिन्छ। निर्देशिकाले तोकेभन्दा फरक तरीकाले खर्च गरेकोले कार्यक्रममा सुधार गर्नु पर्दछ।

३६.४ **कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापन:** लघु उद्यम कार्यक्रमबाट लाभान्वित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ।यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रमका विभिन्न चरणमा सहभागी भएका लाभग्राहीहरुको अभिलेख यस सिस्टममा अद्यावधिक गरेको छैन। अभिलेख अद्यावधिक नभएका कारण विभिन्न चरणका तालिममा छुट्टाछुट्टै सहभागी हुन सक्ने पहिलो चरणको तालिम नलिएको व्यक्ति पछिल्लो चरणको तालिममा सहभागी हुन सक्ने सम्भावना रहन्छ। साथै हस्तान्तरित प्रविधि सदुपयोग भएको नहुन सक्ने समेत सम्भावना रहन्छ। तसर्थ gesimis.moics.gov.np को पुर्ण रुपमा प्रयोग गर्नुपर्दछ।

३६.५ **बिल भर्पाइ भन्दा बढी भुक्तानीः**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,२९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७ **अन्तराष्ट्रिय सम्बन्ध प्रबर्धन सम्बन्धी परामर्श सेवाः**

भौ.न.७०७ मिति ०८२।३।२५ बाट बागलुङ नगरपालिकामा अन्तराष्ट्रिय सम्बन्ध प्रवर्द्धन गर्न बागलुङ नगरपालिकालाई थप अन्तराष्ट्रिय संघ संस्थाहरुको सदस्यता प्राप्त गर्न सहयोग र सहजीकरण गर्न अन्तराष्ट्रिय सम्बन्ध स्थापना सञ्चालन र प्रवर्द्धन सम्बन्धी निर्देशिकालाई परिमार्जन गर्न बागलुङ नगरपालिका भित्रका विद्यालयका शिक्षकहरुका लागि निशुल्क १.५ महिना सम्मको निशुल्क तालिम सञ्चालन लगाएतका थुप्रै कार्य गर्ने उद्धेश्यले बागलुङ नगरपालिका प्रथम पक्ष भनिने र मियामी कन्सल्टि सर्विसेस प्रा.लि. दोस्रो पक्ष भनिने बिच २०८२/०९/०१ मा सम्झौता भएकोमा सम्झौता पत्रमा कार्यालयको नाम ठेगनामा मेल नखाएकोले पालिकाको वस्तुस्थिति अनुसार प्रतिवेदन तयार नभएको, कार्यालयको बोलपत्र मूल्याङ्कन समितको बैठकमा मूल्याङ्कन समितिको संयोजक तथा अन्य सदस्यको हस्ताक्षर नभएको, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ५०(१) विपरित पेश्की रकम उपलब्ध गराएको सम्झौताको दोस्रो पक्षको दायित्व को बुँदा नं ८ मा उल्लेखित कार्य परामर्श सेवाको प्रतिवेदनमा उल्लेखित समयमा सम्पन्न नभएको देखिएकोले कार्यालयले मियामी कन्सल्टिङ सर्भिसेस प्रा.लि लाई भुक्तानी दिएको रु.४९८००० नियमसम्मत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | ४,९८,००० |

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः**

३८.१ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजन रु. ९९३७००० भएकोमा रु. ५७२२७१४ खर्च गरेको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन्।

३८.२ **कार्यक्रमबाट रोजगारी:** पालिकामा २३८ जना सुचिकृत रहेकोमा पुरुष १२ र महिला २३ गरी जम्मा ४६ जनालाई औषत ६०.९५ दिनले जम्मा २८०४ दिन रोजगारी दिएको देखिन्छ।यस कार्यक्रम मार्फत नगरपालिकाको क्षेत्रभित्रमा सञ्चालन भएका २ वटा पैदल मार्ग निर्माण, पदमार्ग निर्माण, पोखरी निर्माण, सडक निर्माण लगायतका कार्यहरु गरिएका छन्।सञ्चालन गरिएका कार्यक्रम मार्फत धेरै बेरोजगार व्यक्तिहरुले अल्पकालीन रोजगारी प्राप्त भएता पनि दीर्घकालीन गरोजगारी दिने गरी कार्यक्रम सञ्चालन गरिएको पाइएन। यस कार्यक्रम मार्फत स्थानीयस्तरमा दीर्घकालीन रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गरिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३८.३ **उपलब्धीको समीक्षा:** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन।

३८.४ **सार्वजनिक सुनुवाई:** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको देखिएन।निर्देशिकामा भएको व्यवस्था बमोजिम सार्वजनिक सुनुवाईको प्रबन्ध मिलाउनुपर्छ।

३९ **बिल भर्पाइ पेश नभएको :**

गो.भौ.नं.७४९ चालु, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ को दफा उपदफा ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ। ब्रदर हुड द ग्यारेजलाई कार्यालयको ध.१ ब ४७६ मोटरसाइकल मर्मत बापतको खर्च रकम रु.४७०० भुक्तानी भएकोमा खर्चको प्रमाण पेश गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७०० |

४० **बढी भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१ **कार्यक्रम खर्च परीक्षणः**

४१.१ **खर्चको मापदण्ड भन्दा बढी भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१९,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१.२ **राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता :** राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० को दफा ९(४) मा स्थानीय तहस्तरीय प्रतियोगितामा संलग्न गरीने खेलका क्रियाकलाप अनुसूची ४ मा उल्लेख गरे बमोजिम हुने उल्लेख रहेको र अनुसूची-४ बमोजिमका अनिवार्य खेलहरु अन्तर्गत छात्रा र छात्रको संचालन हुने गरी भलिवल, कबड्डी, एथलेटिक्स, मार्सल आर्ट (उसु, कराते र

तेक्वाडो) मा बिभीन्न ३० वटा विधामा प्रतियोगिता संचालन गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं ८२६ मिति ०८१।१२।१० बाट राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमको लागि रु.८००००० खर्च गरेको छ । कागजात परीक्षण गर्दा सम्झौता, लागत अनुमान र खर्चको अनुपातमा एकरुपता देखिदैन ।कार्यक्रम संचालन गर्दा खर्च प्रस्ताव स्वीकृती र खर्चको मापदण्ड पालना गरी मितव्ययी तरीकाले कार्यक्रम संचालन गर्नुपर्दछ ।

४१.३ **सिप विकास तालिम :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ मा प्रस्ताव माग गरी खरिद गर्ने सम्बन्धी व्यबस्था रहेको छ । लैङ्गिक हिंसा प्रभावित द्वन्द पिडित तथा महिला समुहका लागि आर्थिक विकास शिपमुलक कार्यक्रम अन्तर्गत मिति ०८१।११।१८ देखि ०८१।१२।१३ सम्म २५ दिने क्रिस्टल र पोतेको गहना बनाउने तालिम सञ्चालन वापत भौ. न. ८७८ मिति ०८१।१२।२५ बाट समवृद्धि सेवा केन्द्रलाई रु.४९५००० भुक्तानी दिएकोमा श्रेस्ता परीक्षण गर्दा पालिकाले माग गरेको दरभाउ पत्रमा पशुपति पोषण समूह, धादिङ्गले समेत दरभाउ पत्र पेश गरेको भएता पनि पशुपति पोषण समूहले मानव स्वास्थ्य सम्बन्धी क्रियाकलापहरु गर्न मात्र अनुमति पाएको देखिन्छ । अनुमति प्राप्त नभएको फर्म समेतलाई दरभाउपत्र माग गरी खरिद प्रकियामा सहभागी गराएको नियम सम्मत नहुनुका साथै तालिम कार्यक्रममा तालिम सामाग्री (कच्चा पदार्थ ) रु.२,५६,००० को खरिद गरी क्रिष्टल र पोतेका सामाग्री उत्पादन गरिएकोमा सो सामाग्रीहरु कसलाई बुझाएको हो सोको प्रमाण संलग्न रहेको पाईएन ।अत: उत्पादन भएका सामाग्रीहरु तालिम प्रदायक संस्थाले नै लगेको देखिएकोले रु.२५६००० अनियमित भएको।

| | |
|---|---|
| अनियमित भएको | २,५६,००० |

४१.४ **बहस सेवा शुल्क :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१.५ **नर्म्स बेगरको खर्च :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१८,७४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४१.६ **राष्ट्रिय उपभोक्ता मञ्च :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

४१.७ **नगरकी छोरी कार्यक्रम खर्च :** पालिकाले नगरकी छोरी कार्यक्रम संचालन कार्यविधि, २०८० को वुँदा नं. ७ बमोजिम २०८१ श्रावण महिना पश्चात जन्मिएका छोरीहरुको नाममा मुद्धती खाता खोली २० वर्ष उमेर पश्चात मात्र उक्त रकम निकाल्न मिल्ने गरी नगरपालिका भित्रका नागरिकबाट जन्मिएको प्रत्येक छोरीलाई रु.५००० का दरले नगद रकम अनुदान दिन गरिएको व्यबस्था अनुसार २०८१ श्रावण महिना पछि यस नगरपालिकाका नागरिकबाट जन्म लिएका छोरीहरुको नाममा खाता खोली खर्च लेखिएकोमा कार्यविधिको वुँदा नं. १ मा खाता खोलेको २० वर्ष अगावै छोरी मृत्यु भएमा मृत्यु पश्चात खाता बन्द गर्न सकिने व्यबस्था गरिएको र आर्थिक ऐन, २०८१ को अनुसूची १४ बुँदा नं ६ मा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण नियमावली, २०७६ को परिपत्र अनुसार मृत्यु

दर्ता ढिला गरेमा रु.२०० जरिवाना शुल्क लगाउने गरि गरिएको प्रावधान अनुसार ढिलो गरेर मृत्यु दर्ता गरेमा हकवालाले कुन मिति सम्मको सावाँ ब्याज रकम बैंकबाट प्राप्त गर्ने, २० वर्ष पछी ढिला गरेर रकम झिक्न गएमा कुन मिति सम्मको सावाँ ब्याज प्राप्त गर्ने र रकम झिक्न नआएमा उक्त रकमको हकदार को हुने भन्ने सम्बन्धमा कुनै व्यबस्था गरेको पाईएन । अत: पालिकाले कार्यविधि पुनरावलोकन गर्न सकिने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । यसरी बैंकमा जम्मा भएको रकम विभिन्न परिस्थितिमा हकवालाले प्राप्त गर्न सक्ने कि नसक्ने भन्ने ब्यहोरा नखुलेको कारण नगरकी छोरी कार्यक्रममा यस वर्ष अनुदान दिएको रकम रु.२३५००० रहेको छ। सो विषयको यकिन गरी अनुदान दिनुपर्दछ ।

४१.८ **सामाजिक परिक्षण :** गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रम सञ्चालन गर्ने व्यक्तिले स्विकृत प्रस्तावना अनुसारको खर्च लेख्न मिल्छ ।पालिकाले भौ.न.८५८ मिति ०८१।१२।१४ बाट लेखन नेपाल मिडिया प्रा.लि. लाई रु. १००००० भुक्तानी भएको देखियो । श्रेस्ता परीक्षण गर्दा सम्झौतामा चालु आर्थिक वर्षको कार्य प्रगतिको सामाजिक परीक्षण प्रतिवेदन बुझाउनुपर्ने उल्लेख भए अनुसार, सामाजिक लेखा परीक्षण भएको प्रतिवेदन संलग्न भएकोमा प्रतिवेदनमा १४ वटा वडा कार्यालयको सामाजिक लेखापरीक्षण गरिएको उल्लेख भएता पनि, वडा कार्यालय ९ नं को मात्र फोटो प्रतिवेदनमा संलग्न रहेको पाईयो । प्रस्तावना बमोजिमको आवश्यक कागजात, बिल, भर्पाई श्रेस्ता साथ रहेको छैन ।अत: उदेश्य अनुसारको प्रगति प्रतिवेदन संलग्न भएको नपाईएको र खर्चको औचित्यता पुष्टी हुने कागजात समेत नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट रु.१००००० असुल गर्नुपर्ने ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

४२ **बिबिध खर्च परीक्षण :**

४२.१ **विविध खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च तथा अतिथि सत्कार शीर्षकबाट रु. २७९९६४० खर्च लेखेको छ । बिविध खर्च तथा अतिथि सत्कार गर्दा पालिकाको आन्तरिक स्रोतको अवस्था हेरी मितव्ययिता कायम गरी खर्च लेख्नु पर्दछ ।

४२.२ **ईन्धन खर्च :** नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कार्यालय प्रयोजनका लागि रु. ५११८५६७ इन्धन शिर्षकमा खर्च लेखेको छ । इन्धन खर्चको पालिकाको आफ्नै मापदण्ड तयार गरेको छैन ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा मोटर साइकल २६ थान, स्कुटर ६ थान, स्कार्पियो ३ थान, एम्बुलेन्स १ थान र ब्याकहोल्डर १ थान रहेका छन ।इन्धन खर्चमा पालिकाले हदैसम्म मितव्ययिता अपनाउनु पर्दछ।इन्धन खर्चलाई मितव्ययी बनाउन स्पष्ट मापदण्ड बनाई खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्राणाली (PAMS) मा पूर्ण रुपमा प्रविष्ट गरी इन्धन खर्चलाई पारदर्शि बनाउनु पर्दछ ।

४२.३ **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १६(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि

रु.१०,१९,९३५ भ्रमण खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्थाको पालना गरी पूर्ण रुपमा भ्रमण अभिलेख राखेर मात्र भ्रमण खर्च लेख्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ ।

४२.४ **वडा संचालन खर्च :** पालिकाले वडा कार्यालयको लागि बजेट विनियोजन गरी कार्यालय संचालन सम्बन्धि सामाग्री खरिद गरेको आधारमा यो वर्ष रु.७०,००,००० खर्च लेखेको छ । सरकारी सम्पत्तिको अभिलेख राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) तयार गरी २०७८/७९ देखि अनिवार्य रुपमा प्रयोग गर्ने गरी लागु गरेकोले आर्थिक वर्ष २०७८/७९ देखि जिन्सी अभिलेख म्यानुअल (रजिष्टर) मा राख्न मिल्दैन । पालिकाले यो वर्ष वडा सञ्चालन खर्चको लागि वडा कार्यालयहरुबाट खरिद गरिएका खर्च भएर जाने सामाग्री तथा विविध खर्च म्यानुअल नै दाखिला गरेको देखियो । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको पूर्ण रुपमा कार्यान्वयन हुनुपर्दछ।

४३ **कृषि कार्यक्रम :**

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था उल्लेख छ । पालिकाले वजेट विनियोजन गरी कार्यक्रमहरु सञ्चालन गर्दा कार्यविधि तयार गरी सो अनुसार खर्च गर्नुपर्दछ । यस पालिकाले निम्नानुसारको कृषिका कार्यक्रमहरु सञ्चालन गरी खर्च लेखेकोमा कार्यविधि तयार नगरी खर्च लेखेको छ । कार्यक्रम पालिकाले विभिन्न वडामा सञ्चालन गरेकोमा कार्यविधि नहुँदा छनौटको मापदण्ड तथा आधार के हो सो खुल्ने देखिएन भने अनुदानको अवस्था, लागत सहभागीता तथा सो बाट किसान तथा पालिकाले लिनसक्ने लाभको समेत मूल्यांकन भएको पाइएन ।अत: पालिकाले यस किसिमको कार्यक्रम सञ्चालन गर्दा पालिकाकै कार्यविधि तयार गरी खर्च गर्नुपर्नेमा सो नभएको खर्च रु.८,४१,६७० अनियमित देखिएको ।

| भौ न।मिति | प्रयोजन | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| ४७१। ०८१-९-७ | बहुबर्षे घाँसको बिउ बेर्ना वितरण साझेदारी कार्यक्रम | विभिन्न १०७ कृषकलाई ३०% लागत साझेदारीमा घाँसको विउ बेर्ना वितरण गरेको । | १२४८०० | अनुगमन प्रतिवेदन नरहेको |
| १००८। ०८२-१-३१ | बहुबर्षे घाँसको बिउ बेर्ना वितरण साझेदारी कार्यक्रम | विभिन्न ७२ कृषकलाई २०% लागत साझेदारीमा घाँसको विउ बेर्ना वितरण गरेको । | १२८८७० | अनुगमन प्रतिवेदन नरहेको |
| १२७२। ०८२-३-१६ | तरकारी आत्म निर्भर कार्यक्रम | विभिन्न ५५ जना कृषकलाई ५०% अनुदानमा प्लाष्टिक टनेल वितरण गरेको । | ५८८००० | अनुगमन प्रतिवेदन नरहेको |
| जम्मा | | | ८४१६७० | |

| | |
|---|---|
| अनियमित भएको | ८,४१,६७० |

४४ **जिन्सी निरिक्षण :**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा निम्नानुसार देखिएको छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८६ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा बर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा समिति गठन गरी निरीक्षण गराई जिन्सी निरिक्षण प्रतिवेदन लिनुपर्ने उल्लेख छ। महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी

निरीक्षण फारम अनिवार्य रूपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । तर पालिकाले लेखा परीक्षणको अवधि सम्ममा पनि जिन्सी निरीक्षण गरेको पाईएन। खर्च भएर जाने र खर्च भएर नजाने जिन्सी सामानको आ.व. २०८०।८१ को मौज्दात आ.व. २०८१।८२ मा सिस्टममा जिम्मेवारी सरेको नदेखिदा पालिकाले जिन्सी निरीक्षण गरी जिम्मेवारी भिडान गरी अद्यावधिक गर्नुपर्दछ ।

४५ **कार्यालयको लागि स्कुटर खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५क(१) मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नु वा गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष कार्यालय प्रयोजनको लागि G.K. Automobile Pvt.Ltd. बाट २ वटा स्कुटर खरिद गरी भौचर नं. ६३-२०८१।८।१६ बाट रु.६४७८००.० खर्च लेखेको पाइयो। स्कुटर खरिद गर्नुपूर्व पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम स्पेशिफिकेसन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण सहित लागत अनुमान तयार पारेको पाइएन। मौखिक सूचनाको आधारमा ३ फर्महरुबाट कोटेशन प्राप्त गरी खरिद गरेको पालिकाले जानकारी दिएको छ। संलग्न भएका कोटेशनको विवरण देहाय अनुसार रहेको पाइयो।

| **प्रस्तावदाता** | **प्रस्ताव मिति** | **प्रस्तावित मोडल** | **प्रस्तावित रकम प्रति पिस रु** | **कैफियत** |
|---|---|---|---|---|
| G.K.Automobile | २०८१।७।६ | TVS Ntorq 125cc | ३२३९००.० | |
| T.N.Autoventure | २०८१।६।१ | Yamaha Rey ZR 125cc | ३२०४५०.० | |
| Nikesh Automobiles | २०८१।६।४ | Vespa VXL 125cc | ३५१९४६.० | |

उपलब्ध कोटेशनहरु विश्लेषण गर्दा सबैभन्दा न्यून मूल्यमा T.N.Autoventure ले Yamaha Rey ZR 125cc उपलब्ध गराउने प्रस्ताव पेश गरेको देखिन्छ। तथापी पालिकाले G.K.Automobile सँग महङ्गो मूल्यमा खरिद गरेको कार्यलाई नियमसम्मत् मान्न सकिएन। खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पूर्ण कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ६,४७,८०० |

४६ **बढी भ्रमण खर्च भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **लागत अनुमान भन्दा बढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **९,५३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४८ **कन्टिन्जेन्सी खर्चः**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। पालिकाले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी यस वर्ष रु.४६ लाख १४ हजार १७१ कन्टिन्जेन्सी खर्च गरेको छ।

• सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

• कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ज स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मूल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नुपर्दछ।

• कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

४९ **पदाधिकारी सुविधा :**

नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शीर्षकमा रु.१,६३,५१,८४४ खर्च गरेको देखिन्छ । जुन आन्तरिक आय रु.६९२६०२४५ को २३.६० प्रतिशत देखियो । अतः पालिकाले आन्तरिक आय बृद्धि गरी आन्तरिक आयको पर्याप्तता पश्चात मात्र पदाधिकारी सुविधामा मितव्ययिता कायम गरी खर्च गर्नुपर्दछ ।

५० **सवारी भाडा :**

पालिकाले उपलब्ध गराएको जिन्सि प्रतिवेदन अनुसार पालिकामा १ वटा साना सवारी साधन चालु अवस्था रहेको छ । पालिकाले यस वर्ष योजना अनुगमन र विभिन्न सरकारि कार्यको लागि सवारि भाडामा रु.१२९०२६ खर्च गरेको देखियो । नमुना छनौटको आधारमा केही श्रेस्ता परीक्षणगर्दा योजनाको अनुगमन, विषयगत शाखाको कार्यक्रम तथा शिविर संचालन र सरकारी कामको सिलशिलामा जिल्ला सदरमुकाम र प्रदेश राजधानि पोखरा पालिकाका पदाधिकारि तथा कर्मचारीको लागि सवारि भाडामा लिएको जनाई खर्च लेखेको देखियो । पालिकामा ४ साना सवारी तथा २६ वटा मोटरसाइकल र ६ स्कुटर रहेको र सोही बमोजिम इन्धन, मर्मत लगायतमा खर्च भएको देखिएकोले भाडामा सवारी लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

५१ **सम्भाव्यता अध्ययन/डि.पि.आर. खर्चः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष पूँजीगत प्रकृतिको ६ कार्यमा रु. ७६०९८४८.९ विनियोजन गरी कुल रु ६८९९४१६.१ खर्च गरेको छ।

| क्र.स | कामको विवरण | परार्मशदाताको नाम | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | आवसीय विद्यालय निर्माण | रियल ड्रिम्स इन्टरनेशनल इन्जिनियरिङकन्सल्टेन्सी प्रा.लि | १९६७६४६.४० | १७७०९३६.०० |
| २ | आवसीय विद्यालय निर्माण प्रयोजनार्थ माटो परीक्षण | अलाना इन्टरनेशनल सर्विसेस प्रा.लि. | ९९९२०२.५० | ९७००००.०० |
| ३ | भू वर्गिकरण | जियो इन्जिनियरिङ | १४४५०००.०० | १४०९७५५.१० |
| ४ | एकिकृत बस्ति निर्माण नारायणस्थान | इन्जिक ग्रुप अफ कम्पनी प्रा.लि | १७०००००.०० | १४५९२८२.०० |
| ५ | EBPS | नेटवर्क एशोसिएटस प्रा.लि. | १००००००.०० | ७९२८०८.०० |
| **जम्मा** | | | **७१११८४८.९०** | **६४०२७८१.१०** |

यसरी सम्भाव्यता अध्ययन गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, पालिकाको जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

५२ **ठेक्का नं. NP-DUDBC-400277-cw-RAB सम्बन्धमाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्वन्धित निर्माण व्यवसायिबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन्। यस कार्यालय अन्तर्गत ठे.नं. NP-DUDBC-400277-cw-RAB मूलपानी हर्राचौर कालिमाटी तितौरे माफिबस्ती निरयघाट वडाचौर मो.बा. निर्माण निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यवसायी ज्वाइन्ट भेन्चर कम्पनी पोखरा – ५ कास्की बीच कबोल अंक रु. ४३२१९४००८.२० (मू.अ.कर समेत) को मिति २०८२।०९।१५ मा काम सम्पन्न गर्ने गरी मिति २०८१।०२।२३ मा सम्झौता भएको छ। कार्यपालिकाको २०८२/०३/०३ को निर्णय अनुसार आयोजनाको म्याद थप भएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

५२.१ **अद्यावधिक कार्यतालिकाः** सम्झौताको SCC को GCC 34.1 The contractor shall submit for approval a program for the works within 15 days from the date of the letter of acceptance. उल्लेख भएकोमा कार्यतालिका स्विकृत गराएको प्रमाण पेश भएन। यसैगरी, SCC को GCC 34.3 मा The period between program updates is 30 days. The amount to be withheld for late submission of an updated program is 50000 रहेकोमा ७ वटा रनिङबिल भुक्तानी हुँदासम्म अद्यावधिक कार्यतालिका पेश गरेको नदेखिएकोले सम्झौताको पालना गर्नुपर्दछ।

५२.२ **बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले बिमा गराउनुपर्ने व्यवस्था छ। उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ। निर्माण कार्यको कार्यसम्पन्न हुने समय २०८२।०९।१५ रहेकोमा त्रुटि सच्याउने दायित्व २०८२।१०।०१ (DLP 12 month) सम्म रहने हुदा बिमा अवधिसम्म मात्र रहेको देखियो। कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधि सम्मको बिमा गराउनु पर्दछ।

५२.३ **भेरिएशन आदेशः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई १० प्रतिशतसम्मको भेरिएशन आदेश सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार नगरपालिकाको सो सडकको २०८२/०९/१५ निर्माण कार्य सम्पन्न गर्ने गरी भेरिएशन

आदेश जारी गरेको पाईयो। भेरिएशन आदेश कार्यपालिकाको बैठकले प्रदान गरेको छ। सो सडकको पुर्ण निर्माण नगरी अन्य संरचना बनाएको देखिन्छ। यस्तो कार्य गर्दा समय र लागत दुबैमा वृद्धी हुने देखिन्छ।

**५३ १५ बेड अस्पताल सम्बन्धमाः**

ठेक्का नं BAG MVN/077/78-11 Pasiyuapata Primary Hospital को लागि मिति २०८२।०३।१९ मा रु. 12८६९१२८२.१८।- मा सम्पन्न गर्ने गरी मिति २०७८।०३।२३ मा ठेक्का सम्झौता गरेको छ। शुरु सम्झौता बमोजिमको मितिमा निर्माण कार्य सम्पन्न नभएपछी कार्यपालिकाको निर्णय बमोजिम तेस्रो पटक म्याद थपेकोमा निर्माण व्यवसायी M/S Maha Laxmi Jagat JV. Kathmandu ले म्याद थपको लागि अद्यावधिक कार्यक्रम समेत पेश गरेको देखिएन। तर लेखापरीक्षण मिति २०८2।09।30 गते सम्म पेश्की रु.९४६०८९१ बाँकी र हाल सम्म भुक्तानी रु. ४५८६७०४९ भएको छ। पालिकाले समयमै निर्माण कार्य सम्पन्न गराउनु पर्दछ। यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय बमोजिम छन्।

५३.१ **निर्माण कार्यको बिमा:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम रु २० लाख भन्दा बढीको निर्माण कार्यको अनिवार्य बिमा गराउनु पर्ने प्रावधान रहेको छ। त्यस्तै ठेक्का सम्झौताको शर्तको SCC बमोजिम सबै जोखिम वहन गर्ने गरी निर्माण कार्यको बिमा र सामहिक दुर्घटना बिमा गर्नुपर्ने तथा सो कार्यको लागि BOQ समेत PS item को रुपमा राखेको छ। बिमा अवधि मिति २०८३/०३/२२ सम्म रहेको छ। सम्झौता बमोजिम अनिवार्य रुपमा बिमा गर्न लगाउनु पर्दछ।

५३.२ **अद्यावधिक कार्यक्रम:** सम्झौताको GCC 34.1 बमोजिम १५ दिन भित्र अद्यावधिक कार्यक्रम पेश गर्नुपर्ने व्यवस्था भएको र 34.3 मा उक्त कार्यक्रम पेश नभए रु. ५०००० विथहेल्ड गर्ने व्यवस्था पालना भएको देखिएन। सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

५३.३ **घटी जिम्मेवारी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९(१०) अनुसार कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। १५ बेडको अस्पताल निर्माण कार्यको ५ औँ रनिङ्ग सम्म सम्पुर्ण बिल जोडजम्मा गर्दा मुल्य समायोजन सहित मुल्य अभिवृद्धी कर समेत के कति भुक्तानी भएको हो जिम्मेवारी सारेको रकम यकिन गरी बढी भुक्तानी भएको रकम यकिन गरी हिसाब मिलान गर्ने वा संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ।

**५४ पूँजीगत खरिद व्यवस्थापनः**

पालिकाले आर्थिक वर्ष २०८१/०८२ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ४४५ | १६ | १९९९९५१२७ | ३९६ | १४१७८९६४७ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ४४५ योजनामा मध्ये ठेक्का मार्फत १६ वटा योजनामा रु.१९ करोड ९९ लाख ९५ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ३९६ योजनामा रु.१४ करोड १७ लाख ८९ हजार खर्च गरेको छ। अर्थात योजनामा भएको खर्च मध्ये ७१ प्रतिशत ठेक्का प्रक्रिया र २९ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ। पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका विषयहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एवं व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ।

**५५ एजबिल्ट नक्साः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको २० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजविल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। आयोजना र

निर्माण व्यवसायी बीच भएको सम्झौतामा अन्तिम बिल पेश हुनु अगावै एजविल्ट नक्सा पेश नगरेमा केही रकम रोक्का राख्ने प्रावधान समेत राखेको छ। पालिकाले जैमिनी देखी सारङ्गी सम्मको निर्माण व्यवसायी गौतम एए जेभीले एजविल्ट नक्सा पेश नगरेकोमा रकम रोक्का नराखी अन्तिम बिलको रकम भुक्तानी भएको देखियो। निर्माण सम्पन्न भएका कार्यको नियमानुसार सम्झौतामा तोकिए बमोजिम एजविल्ट नक्सा पेश नगरेकोले उक्त एजविल्ट नक्सा पेश गर्नु पर्ने अन्यथा रु.५००००.० असुल गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

५६ **गलुवा भकुण्डे सडकको रनिङ बिल भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२३,७३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **ठेक्का तथा प्रस्ताव व्यवस्थापनः**

५७.१ **ठेक्का व्यवस्थाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ। पालिकाले बोलपत्र मार्फत प्रतिष्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ०.२१ देखि ३४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्मशमानै अधिक मुल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्मशमा समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ५७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५७.२ **ठेक्का सम्झौताको पालनाः** खरिद सम्झौता अनुसार निर्माण कार्य गर्नुपर्दछ। यस कार्यालयले १६ कामका रू.३६ करोड १४ लाख ६४ हजार ९४२ को खरिद ठेक्का सम्झौताको काम गराउदा बिड डकुमेन्टमा उल्लेख भएका उपकरण तथा कर्मचारी निर्माण कार्यमा प्रयोग गरेको अभिलेख नराखेको, सम्झौताको व्यवस्थाको सट्टा खरिद नियमावलीको आधारमा म्याद थप गरेको, समय र लागत वृद्धि सम्बन्धी विषयमा निर्माण व्यवसायीबाट पूर्व जानकारी लिने नगरेको, निर्माण व्यवसायीबाट भेरिएसनको प्रस्ताव पेस भएको ७ दिनभित्र स्वीकृति दिई भेरिएसनको काम गराउनुपर्नेमा काम सम्पन्न गरेपछि स्वीकृति दिने समेत गरेको, लमसम ठेक्कामा नगद प्रवाहको अनुमान बेगर कार्यतालिका अद्यावधिक गर्ने गरेको, निर्माण व्यवसायीको कारणबाट काममा ढिलाइ भएको अवस्थामा पनि मूल्य समायोजन भुक्तानी गरेको, मोविलाइजेशन पेस्की काममा प्रयोग गरेको प्रमाण पेश नगरेको, निर्माण व्यवासायीबाट विशेष परिस्थितिको सूचना लिने नगरेको, एज बिल्ट नक्सा पेस नगर्ने निर्माण व्यवसायीको सम्झौतामा उल्लेख भए अनुसारको रकम रोक्का राख्ने नगरेको अवस्था छ। यसबाट ठेक्काको समय र लागत बढ्न जान्छ। ठेक्का सम्झौतानुसार निर्माण व्यवसायीले निर्धारित समयमा काम शुरु नगरेमा, पेस्की जमानत अन्य काममा प्रयोग गरेमा, ३० दिन भन्दा बढि अवधि काम रोकेमा, गरेको काममा देखिएको त्रुटि नसच्याएमा, जमानत अद्यावधिक नगरेमा ठेक्का तोड्न सकिने व्यवस्था भए तापनि ती व्यवस्था कार्यान्वियनमा आएका छैनन्। सम्झौताका उल्लिखित प्रावधानहरू कार्यान्वियन गराउन ठेक्का कार्यान्वियन गर्ने पदाधिकारीलाई थप जिम्मेवार बनाउनुपर्दछ।

५७.३ **ठेक्काको पूर्वतयारीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। कार्यालयले वातावरणीय प्रभाव अध्ययन गर्ने, रूख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण

गर्ने लगायतका पूर्व तयारीका कार्य नगरी ठेक्का लगाएको वा सडक, पुल तथा भवन निर्माण गर्ने १६ वटा ठेक्काहरूमा पूर्व तयारीको काम समावेश गरी रू.36 करोड 14 लाख 64 हजार ९४२ को खरिद सम्झौता गरेको देखिन्छ। बोलपत्र गर्नुअघि नै सम्पादन गर्नुपर्ने कार्य ठेक्कामा समावेश गरी निर्माणको समय पनि पूर्व तयारीका काममा खर्चिनु पर्दा ठेक्काको समय र लागत वृद्धि भएको छ। नियमको पूर्ण पालना गर्नुपर्दछ।

५८ **ठेक्का नं. BAGMUN/BAG/NCB/W/06.2080-81 सम्बन्धमाः**

१ BAGMUN/BAG/NCB/W/06.2080-81- Muktinath Baba Sadak Nirman Baglung 6 Panchakot : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्वन्धित निर्माण व्यवसायीबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन्। यस कार्यालय अन्तर्गत ठेक्का नं. BAGMUN/BAG/NCB/W/06.2080-81- Muktinath Baba Sadak Nirman Baglung 6 Panchakot निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यावसायी M/S Jumli/ R.S.J.V. बीच कबोल अंक रु. ७६६७९४१६.७ (मू.अ.कर समेत) को मिति २०८१।०३।३० देखी २०८२।१०।२५ मा काम सम्पन्न गर्ने गरी मिति २०८१।०३।२१ मा सम्झौता भएको छ। पेश्की रकम रु. १५२००००० लगि पूरै कट्टी गरेको छ। हालसम्मको भौतिक ८४ प्रतिशत र वित्तीय ७८ प्रतिशत भएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छः

५८.१ **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security shall be provided to the Employer no later than the date specified in the Letter of Acceptance and shall be issued in an amount specified in the SCC, by a ‘A’ class commercial bank acceptable to the Employer, and denominated in Nepalese Rupees. The Performance Security shall be valid until a date 30 days from the date of issue of the Defect Liability Certificate in the case of a bank guarantee. उल्लेख छ। मिति २०८२।१०।२५ मा काम सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा कार्यसम्पादन जमानत २०८३।११।१७ रहेको छ। कानुनमा भएको व्यवस्था बमोजिम कार्यसम्पन्न गर्नुपर्ने अवधिको १३ महिना पश्चातसम्म अवधि रहने गरी कार्यसम्पादन जमानत राख्नुपर्दछ।

५८.२ **बिमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बिमा गराउनुपर्ने व्यवस्था छ। उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म हनुपर्ने उल्लेख छ। यस कार्यमा PS Item मा बिमा रु.४४१५४६ अपुग भएको हुँदा भेरियसन गरिएको छ। कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधिसम्मको बिमा गराउनुपर्दछ।

५८.३ **निर्माण कार्यतालिकाः** निर्माण व्यवसायिसँग भएको सम्झौता जेनेरल कन्डिसन अफ कन्ट्रयाक्टको बुँदा नं. ३४.३ अनुसार निर्माण व्यवसायिले प्रत्येक १० दिनमा निर्माण कार्यतालिका अद्यावधिक नगरेमा रु. २० हजार रोक्का राख्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले सम्झौता बमोजिम प्रत्येक १० दिनमा अद्यावधिक कार्यतालिका पेश गरेको देखिएन। सम्झौताको शर्त बमोजिम रु. २० हजार रोक्का राख्नुपर्ने देखिन्छ। कार्यालयले पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरि कट्टा गर्नुपर्ने देखिन्छ। साथै निर्माण कार्यको कार्यसम्पादन जमानतको म्याद समेत गर्नुपर्ने देखिन्छ।

५९ **पालिकामा ठेक्का व्यवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ। पालिकाले बोलपत्र मार्फत प्रतिष्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ०.२१ देखि ३४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश

योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्बन्धमा नर्मशमा नै अधिक मुल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्मशमा समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

| क्र.स. | योजनाको नाम | स्वीकृत ल ई भ्याट र कन्टेन्जेन्सि सहित | ठेक्का नं. | सम्झौता रकम | सम्झौता अवधि | फर्मको नाम |
|---|---|---|---|---|---|---|
| १ | Procurement of Swing bin for waste management inside Baglung Municipality | ३५२३५००.०० | BAGMUN/BAG/NCB/Goods/081-82-01 | ३४३२३७५ | 2081/09/28 देखि 2081/11/28 | M/s New Pra Interprises, I Baneshwor-10, Kathmandu |
| २ | PaniTanki-Paiyunpata-Dhapakhola Road Upgradation works | ११६७७७३३.७४ | BAGMUN/BAG/NCB/Works/081-082-02 | ७३६७६२९.१५ with VAT and P.S | 2081/10/29 देखि 2082/02/29 | M/s A Construction, Baglung |
| ३ | Mahabidhyajan Ma.Bi. Aabasiye Bidhyala Purbadhar Nirman,Ba.na.pa-11,Baglung | ४०४५३१५.९१ | BAGMUN/BAG/NCB/Works/081-082-03 | ३३२५९४८.३ with VAT | 2081/10/29 देखि 2082/02/29 | M/S Multipurpose company pvt. Kathmandu |
| ४ | Maintenance of Various Road of Baglung Municipality ward No. 1, Baglung Municipality | १९९९०८३.१४ | BAGMUN/BAG/SQ/Works/081-082-05 | १९०४४३६.७ with Vat and P.S | 2081/11/19 देखि 2082/01/21 | M/s Bidhi Nirı Sewa, Kusl Municipality, Par |
| ५ | Dog Hostel Construction Works ,Baglung Municipaity-03, Gahate | १९९७८७७.९७ | BAGMUN/BAG/SQ/Works/081-82-06 | १९७३४८५.९८ with vat | - | M/s Bidhi Nirı Sewa, Kusl Municipality, Par |
| ६ | Procurement, Supply and Delivery of Medical Goods and surgical Items. | २५०९८७५.६५ | BAGMUN/BAG/NCB/Goods/081-082-07 | १५२३९५९.९ with VAT | 2080/11/23 देखि 2082/01/23 | M/s Ch Pharmacy |
| ७ | Upgrading and Maintainance of Various roads of Baglung Municipality | १२०९०९६३.२६ | BAGMUN/BAG/NCB/Works/081-082-08 | ९५२९४३०.५९ excluding VAT | 2082/12/21 देखि 4/22/2082 | M/s Lila Nirı Sewa, Pokh Kaski |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | Blue Hills Tourism Infrastructure Construction Works, Baglung Municipality-09, Tityang. | ३४७३५४१९.४३ | BAGMUN/BAG/NCB/Works/081-082-09 | २३०८०३५४.७८ including VAT and P.S | | M/s Quality- Mu JV. Balaju Kathmandu Nep |
| ९ | Drain and footpath construction works in Shreenagar tole from Binayak Shrestha’s house to Mithu Khadka’s house | १९९९११७.२९ | BAGMUN/BAG/SQ/Works/081-82-09 | १९५०५५०.५१ including VAT and P.S | 2082/02/07 देखि 2082/03/30 | M/s Jay Ka Bhagawati Nirı Sewa, Baglung |
| १० | Children Park Construction at Ba.Na.Pa.-01, Ramrekha. | १४९७५५९.५४ | BAGMUN/BAG/SQ/Works/081-82-10 | १४४३४४४.२२ including VAT and P.S | 2082/01/08 देखि 2082/03/15 | M/s Jay Ka Bhagawati Nirı Sewa, Baglung |
| ११ | Upgradation of Mulpani School Hararchaur Kalimati Titaura Road, Majhibasti Niraheghat Road and Odarchaur Dhodeni Phosre Road | | NP-DUDBC-400277-CW-RFB | | | |
| १२ | Sarangi To Jaimini Road upgradation and Construction Works Ba.Na.Pa. 12 Baglung. | १९२८४५९३.४० | BAGMUN/BAG/NCB/W/05/2080-81 | १२६६७९०४.७८ including VAT and P.S | 2081/01/03 देखि 2081/03/21 | M/s Gautam- A/ |
| १३ | MUKTINATH BABA PARIKARMA SADAK NIRMAN BA.NA.PA.06 PANCHAKOT | ९८७८२३४९.१७ | BAGMUN/BAG/NCB/W/06/2080-81 | ७६६७९४१६.७ excluding VAT and P.S | 2081/03/10 देखि 2082/10/25 | M/s Jumli/R.S J\ |
| १४ | CONSTRUCTION OF GALUWA- | ९९९९९९७.८० | BAGMUN/BAG/NCB/W/09/079-80 | ७२०६१५८०.१६ Including VAT and P.S | 2080/02/25 देखि 2082/01/16 | M/s K.B/Pu Chandi/Tandesh JV |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | BHAKUNDE ROAD. | | | | | |
| १५ | Construction Of Health Post Building Narayansthyan Baglung | २९५४९९७६.०८ | BAGMUN/BAG/NCB/W/06/079-80 | १५८३३१४२.८४ excluding VAT and P.S | 2079/10/23 देखि 2081/03/05 | M/s D&G- Pra JV, Bharatpur Chitwan |
| १६ | Construction of 15 Bed Paiyunpata Primary Hospital. | १८५६७०२७६.७० | BAGMUN/W/077/78-11 | १२८६९१२८२.१८ including VAT | - | M/s Maha La Jugal Kathmandu |

६० **उपभोक्ता समिति मार्फत कार्यः**

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छ । लेखापरीक्षणको क्रममा तयार गरी पेश गरेको रण अनुसार गत बिगत र यो वर्षमा शुरुवात भई ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य, कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने लगायतका कार्यको लागि रु.१ लाखभन्दा कमको योजना २२० वटा, रु. १ लाख देखि पाँच लाख सम्मका योजना २०३ वटा लागयत ४६८ वटा योजनाहरुको रु.२१८६००००.० लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसँग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.१४१७८९६४७.० को कार्य भएको देखिएकोमा रु.१४१७८९६५.० को कार्य जनसहभागिताबाट गरी रु.१५५९६८६१२.० भुक्तानी भएको विवरण पेश भएको छ। यस वर्ष सशर्त बाहेक पालिका पूँजीगत खर्च रु.३५२३४५२६१.८८ मध्ये उपभोक्ताबाट ५ प्रतिशत उपभोक्ताबाट सम्पादन गरेको छ। १० % भन्दा माथि जनश्रमदान नगद/बैंकमा जम्मा भई भौचर पेश गरे पछि शिक्षाको व्यवस्थापन समितिलाई, टोल विकास समितिलाई काम गरेको हुने (५ लाख सम्मको बहुयोजना गर्ने गरेको), ३ लाख भन्दा माथिको आयोजनालाई ३० प्रतिशत पेश्की दिने गरिएको र ४% Contingency काट्ने गरिएको छ। ५ लाखभन्दा माथिको सूचना पाटी अनिवार्य गरिएको छ। जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

| **रकम विनियोजनको आधार** | **संख्या** | **रकम रु** |
|---|---|---|
| ५० हजार सम्मका योजना | ४५ | २२२२०८५ |
| १ लाख सम्मका योजना | १७५ | १६२५७१५६ |
| ५ लाख सम्मका योजना | २०३ | ५३५०३२१९ |
| १० लाख सम्मका योजना | २५ | १९४११५६१ |
| २५ लाख सम्मका योजना | ६ | ११३८६००० |
| ५० लाख सम्मका योजना | ९ | ३५६००००० |
| ५० लाख भन्दा माथि विनियोजन भएका | ५ | ३१८६०००० |
| **जम्मा** | **४६८** | **१७०२४००२१** |

६०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७, ९७ क तथा उपभोक्ता समिति सम्बन्धी कार्यविधिको व्यवस्था अनुसार कानुन अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारबाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्बन्धित

निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन्। त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ। कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्था मध्ये १० प्रतिशत जनसहभागिता ३ लाखको योजनामा होडिङ बोड लगायत केही विषय पालना भएता पनि पूर्ण पालन भएको देखिदैन। उपभोक्ता समितिबाट कार्यहरु गराउदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनुपर्दछ।

६०.२ **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| क्र.स. | योजनाकोनाम | वडानं. | विनियोजितबजेट | श्रमदान न्युनतम १०% | खर्चभएको बजेट | काम |
|---|---|---|---|---|---|---|
| १ | सडक बाटोसरसफाई र डोजर ईन्धन समेत | ११ | ७००००० | ७३७०५ | ६३३६४० | ३०कि.मि. बाटो सरसफाई |
| २ | खानेगाँउभिरकोटेरी ओख्ले सडक | ११ | ९००००० | ११०३६४ | ८६४००० | नयाँ कट्टिङ्ग,चट्टान काटने काम पहिरोपन्छेयाऊने काम |
| ३ | खानीगाँउभीरकोटेरी ओख्ले सडक थप | ११ | ४५०००० | ५३७२२ | ४३२००० | |
| ४ | असुरानीकाल्ने कोशेपानी खण्ड मोटरबाटो स्तरउन्नती | १२ | ५५०००० | ५९१०२ | ५२६७२९ | २१२.५मिटर नया ट्र्याक खोलि बाटो निर्माण भएको |
| | **जम्मा** | | **२६०००००** | **२९६८९४** | **२४५६३६९** | |

उपभोक्ता समितिबाट गराएका कार्यहरु परीक्षण गर्दा उपरोक्त व्यहोरा देखिएकोले पालिकाले सुधार गरी खरिद नियमावलीमा भएको ब्यबस्था अनुरुप कार्य गराउनुपर्ने देखिन्छ।

६०.३ **कामको नाँपजाँच र हस्तान्तरणः** सम्झौता अनुसार कम कार्य गर्दा पनि कार्य सम्पन्न/कार्य स्वीकार प्रतिवेदन जारी गरेको छ। लागत अनुमानमा भएको कंक्रिटजन्य कार्य कम गर्ने कार्य पुरा गर्ने गरेको देखियो। सजिलो काम गर्ने र सिमेन्ट छड लगाउने कार्य कम गर्दा पनि पालिकाले भुक्तानी गरेको छ। यसबाट उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्याकंन सम्बन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन। योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन। कार्यालयले सम्पूर्ण योजनाहरु अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको यकिन गर्न सकिएन। कार्यालयले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ।

६०.४ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले गरेका निर्माण कार्यहरु मध्ये

अधिकाशं निर्माण कार्य ग्राभल निर्माण कार्य, कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, कार्य लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ। नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ।

६०.५ **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने व्यवस्था छ। कार्यालयले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो। उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ। केहीमा कामको प्रकृति, प्राविधिक बिल, उपभोक्ता समितिबाट खर्च भएका बिल विजकहरु पेश नभएका कारण प्रमाणहरु एक अर्कामा मेल खाने नखाने यकिन गर्न सकिने अवस्था रहेन। यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश वृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नुपर्दछ।

६०.६ **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ग्राभल निर्माण कार्य, कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण लगायत कार्य गरेको छ। यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईन्छ। केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ। नमुना परीक्षण गरिएका केही योजनाका श्रेस्तामा खर्च सार्वजनिकीकरण गरेको छैन। कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ।

६०.७ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकांशमा फोटाहरु संलग्न राख्ने गरेको देखिन्छ। योजनाहरुमा सम्बन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो। उपभोक्ताबाट सम्पादित कार्य शुरु हुनु भन्दा पहिलेको नभएको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरी फोटा राख्ने गरेको देखिन्छ। सम्बन्धित वडाले भुक्तानीको सिफारिस नगर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको यकिन हुन सक्ने देखिदैन। सबैजसो योजनाहरुमा अनुगमन समितिको अनुगमन भएको देखिन्छ। तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु हुने गरी कार्य गर्नुपर्दछ।

६०.८ बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सिक्ने अवस्था देखिएन। समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन। एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्बन्धमा समेत यकिन हुने आधार देखिन। कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ।

६१ **ठेक्का अभिलेख तथा व्यवस्थापनः**

६१.१ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थितिः** सार्वजनिक निकायले हरेक योजनाको म.ले.प. बाट स्वीकृत फारमका आधारमा अभिलेख व्यवस्थित गरी राख्नु पर्दछ। कार्यालयले यस आर्थिक वर्षमा सञ्चालन गरेका केही योजनाहरु गत बिगतमा केही भुक्तानी भएका र केही अधुरा समेत रहेका छन। एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक वर्षसम्म कुन अबस्थासम्म कार्य भयो

सो को अभिलेख नराख्नाले पुन:क्रमागत बजेट मार्फत योजना सञ्चालन गर्दा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ। परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढि परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम देखिन्छ। कार्यालयले तर्जुमा गरेको योजना कार्यान्वयन, सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको विवरण अद्यावधिक राखी तथा यकिन गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ। कार्यालयले यस वर्ष निर्माण कार्यको मलेपफान ५०१ देखी ५१४ सम्मका फारमहरु व्यवस्थापन गरेर नराखेका कारण यथार्थ अवस्था यकिन गर्न सकिएन। निर्माण कार्यको अभिलेख व्यवस्थित गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने देखिन्छ।

६१.२ **कार्य स्वीकार/कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा निर्माण व्यवसायीबाट कार्य स्वीकार प्रतिवेदन लिनु पर्ने र नियम १२५ अनुसार ३० दिन भित्र एज विल्ट नक्सा लिनु पर्ने र नियम ११५(१क) अनुसार त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि स्वीकृत ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गरी कार्यसम्पन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्यको त्रुटि सच्याउने दायित्व नखुलाई कार्य सम्पन्न भएपछि कार्य स्वीकार प्रतिवेदन तयार गरेको छ। नियमानुसार कार्यस्वीकार प्रतिवेदन तथा एज विल्ट नक्सा लिने एवं निर्माण व्यवसायीबाट त्रुटि सच्याउने दायित्वको अवधि भित्र त्रुटि सच्याउने दायित्व नरहेको सुनिश्चित हुने अभिलेख तयार गरी कार्यसम्पन्न प्रतिवेदन जारी हुनुपर्दछ।

६१.३ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मुल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। पालिकाले यस वर्षको ठेक्का व्यवस्था भएको ठेक्का कार्यको अभिलेख राखेको देखिन्छ।

६२ **सोझै खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रतिष्पर्धी र मितव्ययी ढंगले खरिद गर्नु पर्ने र एकमुष्ठ बजेटलाई टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्नेमा यस कार्यालयले क्यानफिल साइट फोहोरमैला व्यवस्थापन खर्च, मर्मत, भवन रंग रोगन, वडा कार्यालय मर्मत लगायतका ५ वटा कामको रु. ३८५१००० बजेटबाट रु. ३६९७९१५ लागत अनुमानका रु. १० लाख भित्रका ५ वटा टुक्रा पारी लागत अनुमानकै हाराहारीमा प्रतिष्पर्धा बेगर सोझै खरिद गराइ रु. ३४४४३२८ भुक्तानी दिएको छ। एउटै निर्माण व्यवसायीबाट एकै वर्षमा एक पटक भन्दा बढि काम समेत गराएको छ। उक्त कानूनी व्यवस्था अनुसार प्रतिष्पर्धात्मक रुपले खरिद कार्य गर्नुपर्दछ।

| क्र.स. | योजनाकोनाम | वडानं. | विनियोजितबजेट | सम्झौतारकम | खर्चभएको बजेट |
|---|---|---|---|---|---|
| १ | ल्याण्डफिलसाईट फोहोर मैला व्यवस्थापन कार्य | १ | १०००००० | ९९२२५३.० | ८९३८३६.८ |
| २ | मुक्तिशान्त मार्ग टोल रुद्रेपिपल स्कुल देखी मगर संघको भवन सम्म रेलिङ निर्माण रहनुमान मन्दिर गेट निर्माण कार्य | २ | ४५००००.० | ४३२७०४.५ | ४०९०९३.९ |
| ३ | बागलुङनगरपालिकाको भवन मर्मत तथा रंगरोगन | २ | १००००००.० | ९९७२५४.४ | ८८०४३४.० |
| ४ | ठाँटी देखी वडाकार्यालय सडक स्तरउन्नती | ५ | १००००००.० | ९८०१४०.० | ९७८५९२.० |
| ५ | वडा कार्यालय मर्मततथा व्यवस्थापन | १२ | ४०००००.० | २९५५६३.४ | २८२३७१.२ |
| | **जम्मा** | | **३८५००००.०** | **३६९७९१५.०** | **३४४४३२८.०** |

६३ **ठेक्का नं. NP-DUDBC-400277-cw-RAB मूलपानी हर्राचौर कालिमाटी तितौरे माफिबस्ती निरयघाट वडाचौर मो.बा. निर्माण :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सोको नियमावली, २०६४ को नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धित निर्माण व्यवसायीबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ति भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन्। यस कार्यालय अन्तर्गत ठे.नं. NP-DUDBC-400277-cw-RAB मूलपानी हर्राचौर कालिमाटी तितौरे माफिबस्ती निरयघाट वडाचौर मो.बा. निर्माण निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यवसायी ज्वाइन्ट भेन्चर कम्पनी पोखरा – ५ कास्की बीच कबोल अंक रु. ४३२१९४००८.२० (मू.अ.कर समेत) को मिति २०८२।०९।१५ मा काम सम्पन्न गर्ने गरी मिति २०८१।०२।२३ मा सम्झौता भएको छ। कार्यालयले यस निर्माण कार्यको लागि पेश्की रु.६४८००००.० उपलब्ध गराएको छ भने धरौटी रकम रु.२२००००००.० रहेको छ। कार्यपालिकाको २०८२/०३/०३ को निर्णय अनुसार आयोजनाको म्याद थप भएको छ। यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

६३.१ **अद्यावधिक कार्यतालिकाः** सम्झौताको SCC को GCC 34.1 The contractor shall submit for approval a program for the works within 15 days from the date of the letter of acceptance. उल्लेख भएकोमा कार्यतालिका स्वीकृत गराएको प्रमाण पेश भएन। यसैगरी, SCC को GCC 34.3 मा The period between program updates is 30 days. The amount to be withheld for late submission of an updated program is 50000 रहेकोमा ७ वटा रनिङबिल भुक्तानी हुँदासम्म अद्यावधिक कार्यतालिका पेश गरेको नदेखिएकोले सम्झौताको पालना गर्नुपर्दछ।

६३.२ **बिमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले बिमा गराउनुपर्ने व्यवस्था छ। उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ। निर्माण कार्यको कार्यसम्पन्न हुने समय २०८२।०९।१५ रहेकोमा त्रुटि सच्याउने दायित्व २०८२।१०।०१ (DLP 12 month) सम्म रहने हुदा बिमा अवधि सम्म मात्र रहेको देखियो। कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधि सम्मको बिमा गराउनु पर्दछ।

६३.३ **भेरिएशन आदेशः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई १० प्रतिशतसम्मको भेरिएशन आदेश सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार नगरपालिकाको सो सडकको २०८२/०९/१५ निर्माण कार्य सम्पन्न गर्ने गरी भेरिएशन आदेश जारी गरेको पाईयो। भेरिएशन आदेश कार्यपालिकाको बैठकले प्रदान गरेको छ। सो सडकको पुर्ण निर्माण नगरी अन्य संरचना बनाएको देखिन्छ। प्रारम्भिक सम्झौतामा Struture Pavement मा कल्भट रहेकोमा भेरिएशन आदेश मार्फत स्यालो कल्भट, RCC कल्भट बाट premix -asphalt मा परिवर्तन भएको पाइयो। त्यसो गर्दा Gabion masonary, Plum wall निर्माण भएको पाइयो। सम्झौता रकम रु.४९७२३२०२९.० बाट रु.५७१६४६७८६.० मा परिवर्तन भई १४.९७ प्रतिशत वृद्धि भएको देखिन्छ। Design structure change गर्न World Bank साथै नगरसभाको मिति २०८१।०९।२५ को निर्णयबाट पारित गरेको पाइयो। यस्तो कार्य गर्दा समय र लागत दुबैमा वृद्धि हुने देखिन्छ।

६४ **सामाजिक सुरक्षा भत्ता वितरण तर्फः**

६४.१ **सामाजिक सुरक्षा भत्ता वितरण:** सामाजिक सुरक्षा सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेख भए अनुसारका लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरणमा यो वर्ष कुल रु. २९२८१६८५५/- खर्च लेखेको छ।

| सि नं | लाभग्राहीको बिबरण | मासिक दर | प्रथम त्रैमासिक | | दोश्रो त्रैमासिक | | तेश्रो त्रैमासिक | | चौथो त्रैमासिक | | जम्म रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम | |
| १ | अन्य जेष्ठ नागरिक भत्ता | ४००० | ४३०३ | ५१२८१३९० | ४३५१ | ५१९५४८१८ | ४३८७ | ५२२३३१०४ | ४४२३ | ५२७८७७७० | २० |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | २६०० | ५७२ | ४५१९३४० | ५७० | ४५१९३४० | ५६९ | ४४६९३७२ | ५६६ | ४४६२९४८ | १७ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २६०० | ४६२ | ३६४९२७१ | ४४५ | ३५५११०० | ४३१ | ३४३९३८० | ४१७ | ३३१९६८० | १३ |
| ४ | विधवा | २६०० | ९३४ | ७४११९६१ | ९५२ | ७५२७८०० | ९७८ | ७७१७३४६ | ९८९ | ७८७०९४० | ३० |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ३९९० | १८५ | २२०६४७० | १८७ | २२३८३९० | १८८ | २२४६३७० | १८९ | २२५९६७० | ८९ |
| ६ | अति अशक्त अपाङ्ग भत्ता | २१२८ | ३०५ | १९३१७१२ | ३०३ | १९३१०८९ | ३०४ | १९३५४१६ | ३०७ | १९४२८६४ | ७७ |
| ७ | दलित बालबालिका | ५३२ | ८६१ | १३२६४१३ | ८६४ | १३३४२७८ | ८७६ | १३६००२९ | ९०७ | १३८८५९४ | ५४ |
| | **जम्मा** | **१८४५०** | **७६२२** | **७२३२६५५७** | **७६७२** | **७३०५६८१५** | **७७३३** | **७३४०१०१७** | **७७९८** | **७४०३२४६६** | **२९** |

६४.२ **निस्क्रिय खाता तथा लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने बैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६(३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। बैंकले निस्क्रिय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकोले वितरित रकम यकिन हुन सकेन। पालिकाले बैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ।

६४.३ **मृत्यु पश्चात रकम जम्मा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम ११(२) मा कुनलाभग्राहीको मृत्यु भएमा सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिन भित्र घटना दर्ता गराउनुपर्छ र घटना दर्ता गर्दा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख भएको छ। नियम १५(४) मा मृत्यु भएका लाभग्राहीको मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। पालिका निकासा भएको सामाजिक सुरक्षा भत्ता वितरणको नमुना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिम विवरण भएका लाभग्राहीहरुको लगतकट्टी गरेर पनि लाभग्राहीको खातामा सामाजिक सुरक्षा बापतको रकम नघटाइ बैंकमा जम्मा गरेको देखिएकोले देहाय बमोजिम लगत कट्टा पश्चात जम्मा भएको रकम रु. १०६१९७/- फिर्ता गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने।

| क्र.सं. | लाभग्राहीको नाम | वडा नं. | ना.प्र.नं. | लगत कट्टा मिति | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| १ | खड्क सिंह श्रीस राना | १ | ७४२५६५-१६१९ | २०८२/०३/१२ | २३९९ |
| २ | लक्ष्मी हमाल | ३ | १४८११०३० | २०८१/०९/२२ | १०५२ |
| ३ | नवल सिं सार्की | ६ | १००५-८११ | २०८१/०६/२३ | ९२० |
| ४ | धर्मराज खत्री क्षेत्री | ७ | ५०१००१/६८८० | २०८१/०९/१६ | १८९१ |
| ५ | खड्क बहादुर कार्की क्षेत्री | ८ | १३९४ | २०८२/०२/१३ | ६२३५ |
| ६ | काली थापा मगर | ९ | ८५०७०५२ | २०८१/०२/१७ | ५७०९ |
| ७ | रत्नी मगर्नी | ९ | ९०३७०७१ | २०८२/०१/०१ | ११८६८ |
| ८ | श्री चन्द्र बहादुर थापा मगर | ९ | ८२७३१०७५ | २०८१/०८/२५ | ४६५७ |
| ९ | विष्णुमाया खड्का | ९ | १०८४६९२१ | २०८१/०९/२८ | २६३ |
| १० | बसन्तकली कामी | ९ | ७१६९०६ | २०८१/१०/१० | १०६३० |
| ११ | दल बहादुर थापा | १० | २०३८-७४८८ | २०८१/१२/२७ | ३९४ |
| १२ | हेमलाल दमाई | १० | ११२९८७११ | २०८१/०९/१५ | २००० |
| १३ | मनि कामी | १० | ८६९४२४१ | २०८१/०६/२८ | २६३ |
| १४ | शशिधर जैसी | ११ | २८३/१६२३ | २०८१/०७/०७ | ११०७९ |
| १५ | गोविन्द्रे गाइने | १२ | ४८० | २०८१/०६/१८ | १५७८ |
| १६ | अयोध्या पाध्य | १२ | ५५२ | २०८२/०३/०६ | ३१५६ |
| १७ | विष्णु कुमारी जि.सी. | १४ | १५१७४३८ | २०८१/०६/२१ | ३७१८३ |
| १८ | मानकादेवी पौडेल | १४ | १७४२१४०४ | २०८२/०२/२३ | ४९२० |
| | जम्मा | | | | १०६१९७ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **४,३९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३,३६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

